Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- १४, २०८२ साल कार्तिक ११ गते मंगलबार (October 28, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# स्वर्गजस्तो देश नेपाललाई पर्यटकीय देश बनाऔं

मोहन कार्की

नेपालमा यतिवेला पर्यटकीय सिजन शुरु भएको छ । नेपालका हिमालहरुमा हिउ पर्न थालिसकेका छन् । अन्य समयभन्दा धेरै पानी नपर्ने र आउजाउ गर्न सजिलो हुने विशेष गरेर हिमाल हेर्न आउने पर्यटकहरुको लागि कुइरो नलागेको वेलामा टाढा टाढावाट नै हिमाल हेर्न सकिने समयलाई नेपालमा पर्यटकीय सिजन मानिन्छ । हुनत नेपालमा १२ रै महिना प्राकृतिक रुपमा सुन्दरताले भरीपुर्ण छ यतिवेला कास्कीको पोखरामा घुम्न आउने पर्यटकहरुले फेवातालमा माछापुच्छ्रेको छाया परेको दृष्य हेर्न, साराङकोटवाट टाढा टाढाका हिमालहरु हेर्न सकिन्छ । त्यसैगरी मुगुको रारातालमा अकाशमा उडेका चराहरुको दृष्य तालमा हेर्दै डुङगामा यात्रा गर्न पाईन्छ । यहि सिजनमा नेपालका पाहाडी क्षेत्रहरु



घुम्नको लागि अत्यन्तै पर्यटनमैत्री हुन्छन् । गाउँ घरका वारीहरुमा मखमली, सयपत्री लगायत थुप्रै फुलहरु फुलेर देशै उज्यालो बनेको हुन्छ ।

बुद्धको जन्मभूमि लुम्बिनीमा दर्शन गर्न र हिन्दुहरुको आस्थाको मुख्यद्धार भनेर चिनिएको पशुपति नाथमा हिन्हुहरुले दर्शन गर्न समय अनुकुल हुने हुदा नेपालको पर्यटन क्षेत्र अथाहा सम्भावना भएको र आम्दानी » बाकी ६ पृष्ठमा

# खेलकुदमन्त्रीको पहिलो निर्णय



काठमाडौं- नवनियुक्त युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले मन्त्रालय मातहतका सबै निकायहरूको बैठक लाइभ गर्ने निर्णय गरेका छन् । आइतबार पदभार ग्रहण गर्दै उनले मन्त्रालयको पहिलो निर्णयका रूपमा पारदर्शिता र जवाफदेहिताको सुरुवात यस्तै कदमबाट हुने बताएका हुन् ।

प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार गुप्तालाई मन्त्री नियुक्त गरेका थिए । पदभार ग्रहणका क्रममा मन्त्री गुप्ताले बोलेर होइन, काम गरेर देखाउने प्रतिबद्धता पनि जनाए ।

“हामीलाई काम गर्न दिनुहोला, के काम गर्छौं त्यसलाई डेली प्रस्तुत गर्नेछौं, ” उनले भने, “बोलेर होइन, काम गरेरै देखाउँछु । बोलेर नै देश बिग्रेको हो नि ।” उनका अनुसार मन्त्रालयका सबै बैठकहरू लाइभ गर्ने निर्णयले जनताले प्रत्यक्ष रूपमा मन्त्रालयको कार्यशैली र निर्णय प्रक्रिया हेर्न सक्नेछन् । उनले थपे, “पहिले काम गरौं, त्यसपछि ती निर्णयहरू तपाईंहरू सामु प्रस्तुत गर्नेछौं ।”

मन्त्री गुप्ताले मन्त्रालयको टिमसँग समन्वय गर्दै योजनाबद्ध रूपमा अघि बढ्ने तयारी रहेको बताएका छन् । “हामीसँग समय र स्रोत दुबै सीमित छन्, तर काम धेरै छ, ” उनले भने, “त्यसैले अब काममै ध्यान दिनेछौं ।”

पदभार ग्रहण समारोहमा मन्त्रालयका सचिव डा. हरिप्रसाद लम्साललगायतका उच्च पदस्थ अधिकारीहरूले मन्त्री गुप्तालाई स्वागत गरेका थिए ।

# प्रधानमन्त्री कार्की र राष्ट्रपति पौडेलद्वारा छठ पूजामा सहभागिता





काठमाडौं- प्रधानमन्त्री सुशीला कार्की र राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार छठ पूजामा सहभागिता जनाएका छन् । छठ पर्वको मुख्य दिन उनीहरूले सूर्यदेव र छठी माताको आराधना गर्दै अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका हुन् ।

प्रधानमन्त्री कार्की कमलपोखरी पुगेर छठी माताको पूजा आराधना गरेकी थिइन् भने राष्ट्रपति पौडेल गुह्येश्वरी पुगेर पूजामा सहभागी भएका हुन् । राष्ट्रपति पौडेलले गुह्येश्वरीमा सूर्यसहित छठी माताको पूजा र अर्घ्यदान गरेका थिए ।


देशभरका विभिन्न स्थानमा भव्य रूपमा मनाइने छठ पर्वका अवसरमा काठमाडौंका कमलपोखरी, गुह्येश्वरी-गौरीघाट, थापाथलीलगायतका घाटहरू सोमबार साँझ अस्ताउँदो सूर्यको पूजा गर्न आएका भक्तजनले भरिएका थिए । छठ पर्वको मुख्य दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर पूजा आराधना गर्ने परम्परा रहिआएको छ भने भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिई पर्व समापन गरिन्छ । सरकारले यस दिन सार्वजनिक बिदा दिएको छ । व्रतालुहरू रातभर जाग्राम बसेर भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिने तयारीमा छन् ।

## शान्ति मिसनमा जानेको कोटा घट्दै

काठमाडौं- शान्ति मिसनमा जाने सैनिकको कोटा संयुक्त राष्ट्रसंघले अहिले गइरहेको अवस्थाबाट कम्तीमा २५ प्रतिशत घटाउने भएको छ ।

केही दिनअघि सैनिक मुख्यालय जंगी अड्डामा भएको पत्रकार सम्मेलनमा युद्धकार्य विभागका महानिर्देशक तथा उपरथी अनुपजंग थापाले २५ प्रतिशत शान्ति सैनिकको कोटा घटे पनि नेपाली सेना नै सबैभन्दा बढी योगदान गर्नेको शीर्ष स्थानमा हुने बताएका छन् ।

‘कोटा घट्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पर्नु स्वभाविक हो । तर पनि सबैभन्दा बढी खटिने सैनिकमा नेपाली सेना नै प्रथम हुन्छ,’ उनले भने । हाल १० वटा शान्ति मिसनमा नेपाली सेनाका » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १४,
२०८२ साल कार्तिक ११ गते मंगलबार
28 OCTOBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### देश विकासको लागी नगानीमैत्री वातावरण बनाऔं ।

नेपालमा जहिले पनि लगानीमैत्री वातावरण नबनेको भनेर बाहिर प्रचार गरिन्छ र केही मुट्ठीभर हरूले मात्रै नेपालको अर्थतन्त्रमा तर मारिरहने चलन छ । किनकि नेपालका यस्ता खालका मुट्ठीभरहरू छन् । उनिहरूको नियन्त्रणभन्दा वाहिर कोहीपनि नहोस् भन्ने चाहान्छन् । जस्तै ट्रेडिङ विजनेस, उद्योग, बित्तिय क्षेत्र, टेक्नोलोजी, शैक्षिक क्षेत्र, यातायात, कृषि, हाईड्रो, हस्पिटल, सवै क्षेत्रमा सिमित मानिसहरूले नेपालको अर्थतन्त्र चलाएका छन् । उनिहरूले नेपालको सरकारले अर्थतन्त्रमा केही खुकुलो लगानीमैत्री बनाउन लाग्यो कि आकाश खस्यो जसरी विरोध गर्ने गरेका छन् । यो अत्यन्तै नेपालको विकासमा अवरोधको रूपमा रहेको छ । त्यसकारण नेपालको अर्थतन्त्र संकुचनमा रहेको छ ।

त्यसका वावजुद पनि नेपालमा लगानीमैत्री वातावरण बनाउन नेपाल सरकारले वेला वेलामा आवाहन गर्ने गरेको पनि छ । तर वेला वेलामा हुने बन्द हड्काल, आगजनी, तोडफोड जस्ता अराजक गतिविधि नेपालीहरूले पनि गर्दै आएका छन् । कस्ले कतिखेर कस्लाई उचाल्छ, राजनीतिक नाम दिन्छ । जुन संसारमा यस्तो विरलै हुने र्गछ । नेपालमा भने नियती जस्तो भईरहेको छ । यस्तै विषयलाई देखाएर नेपालमा केही मुट्ठीभर सेण्डिकेटधारीहरूले नेपालमा लगानीको वातावरण छैन भन्ने अफवाह फैलाउछन् । त्यो अफवाहले गर्दा बाहिरी मुलुकका लगानीकर्ताहरूले नेपालमा लगानी गर्न तयार भईसकेका लगानीकर्ताहरूलाई समेत निरूत्साहित बनाउछन् । तयसकारण अन्य मुलुकवाट लगानी आउन सकेको छैन । आउन चाहानेहरूका लागी विश्वासिलो वातावरण सरकारले बनाउन सकेको छैन । कुनैवेला नेपालमा १८ घण्टासम्म लोडसेडिङ हुदा समेत कालकारखाना चलिरहेका थिए । अहिले २४ सै घण्टा त्यो पनि सहुलियत दरमा बिजुली सरकारले दिईरहेको छ । तर पनि उद्योग कलकारखाना नेपालमा भनेको जस्तो गरी स्थापना हुन सकेका छैनन् । जसले गर्दा आजपनि दैनिक ४ देखि ५ हजार नेपाली नागरिकहरू बैदेशिक रोजगारमा जान बाध्यछन् । नेपालमा अझैपनि निर्माणका कामहरू, मानव जीवनमा उपयोग हेुन वस्तुहरू उत्पादन गर्ने कलकारखाना नभएको हुनाले लगानी गर्ने लगानीकर्ताको लागि नेपालमा अवसर पनि छ । बजार पनि राम्रो छ । लगानीकर्ताको लागनी पनि राम्रो प्रतिफलमा जान्छ । अन्य मुलुकभन्दा कर पनि नेपालको सस्तो रहेको छ ।

त्यसैले नेपालको जलविद्युत पनि अथाह भएको देश भएको हुनाले विद्युतको उत्पादन पनि बढ्दै गएको छ ।सरकारले विद्युतमा सहुलियत हुनसक्ने सम्भावना भएको देश भएको हुनाले अन्तराष्ट्रिस्तरका उद्योग, कलकारखाना स्थापना गर्ने लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आवाह्न गर्नुपर्छ । दैनिक रूपमा अन्य मुलुकमा बैदेशिक रोजगारमा गई काम गरिरहेका नेपाली नागरिकहरूलाई नेपालमा नै रोजगार सृर्जना हन्छ । अर्कोतर्फ नेपालका कृषि उपजहरूको सदुपयोग हुन्छ । देशको अर्थतन्त्र फराकिलो बनाउन र विश्वमा अर्थतन्त बलियो भएको देशको रूपमा चिनाउन पनि नीतिगत रूपमा समस्या रहेछन भने त्यसलाई तत्कालको तत्कालै संशोधन गरेर नेपालमा लागानीमैत्री वातावरण छ भन्ने विश्वस्त गराउने कार्यक्रम आगाडी सार्नूपर्छ ।

# स्वतन्त्रता तथा दासत्वयुक्त चक्रको दोसाँधमा जीवन



■ शिशिल चित्रकार

प्राचीनकाल, मध्यकाल, आधुनिक कालसम्मको मानव इतिहासमा विभिन्न देशमा भिन्न-भिन्न समयमा दासप्रथाको अन्त्य भएको हो । यस्तै नेपालमा पनि चन्द्र शमशेरको पालामा दासमुक्त गरी चन्द्रनिगाहपुर बस्ती बसालेको इतिहास साक्षी छ । तर आजको आधुनिक समाजमा दास र दासत्वको पर्याय फरकरुपमा झन् बढेको देखिन्छ ।

अ ा ज राजनीतिक, प्रशासनिक, न्यायिक, अर्धन्यायिक, निजी क्षेत्रदेखि घरपरिवारमा समेत 'हुन्छ', 'हस', 'नाइँ', 'हुँदैन' भन्ने चलन नै समूगत घेरा स्वार्थमा बल्झेको आभास हुन्छ । सही र गलतको वास्तविक पहिचानमा व्यक्तिहरुको अक्षमता- मन परेको, इच्छा गरेको, मन नपरेको, इच्छा नभएको, फाइदा हुने, नहुने आदि सवालमा केन्द्रित भएर आफ्नो स्वतन्त्र अस्तित्व नै गुमाइरहको अवस्थालाई शारीरिक दासको रुप नभए पनि मानसिक दास र स्वतन्त्रताको विरुद्धको सघर्षको पर्यायवाचीको रुपमा लिन सकिन्छ । आज समाजमा 'हुन्छ', 'हस' भन्ने शब्द चाकडी-चाप्लुसीको पर्याय त भएन ? वा सत्यको पक्षको लडाइँका लागि 'हुँदैन', 'नाइँ' भन्ने साहस र विवेकको कमी भएको नै मान्न सकिन्छ । यहाँ हस र हुन्छ भन्ने शब्दको मर्यादा, अनुशासन पनि भुल्न नहुने एकातिर छ भने अर्कोतर्फ सत्य-असत्यमा भेद गरी व्यक्तिको स्वतन्त्रता कायम गर्न अथवा दास प्रवृत्तिको विरुद्ध जागरण नै सही अर्थमा जीवनको उद्देश्य हुनुपर्ने यथार्थबाट उन्मुक्ति हुनुहुँदैन ।

यही दुई-चार शब्दमा अल्झिरहेको तथा यसैमा निहित कार्यबाट परिचालित समाज नै आजको परिचय भएको छ भने चाकडी-चाप्लुसीविरुद्ध स्वतन्त्रता लडाइँ अथवा सत्यको लडाइँको लागि हुँदैन र नाइँको बुलन्द आवाज आउनुपर्ने आजको आवश्यकता देखिन्छ । यसमा भेद गर्न नसकेमा मानिसहरु सही अर्थमा स्वतन्त्र रहेका मान्न नसकिने देखिन्छ । यसको विपरीत हुन्छ र हसको मारमा सत्यलाई पछाडि पारेर व्यक्तिको स्वतन्त्रतालाई जन्जिरमा बाँध्ने वा दासत्व स्वीकार गरेको ठहरिन्छ ।

सत्य र असत्य आफूलाई ठीक लागेका, आफ्नो हित हुने मापदण्ड होइन, न्याय र अन्यायको तथा कानुनको मापदण्ड हुनुपर्ने कुरा पनि भुल्न सकिँदैन । तर आज समाजदेखि संघसंस्थाका हरेक क्रियाकलाप यही सत्य-असत्य, ठीक-बेठीक छुट्याउनमा नै अलमल भई बहुसंख्यक जनता र सोही अनुरुप कैयौं संघसस्थाको कार्य, निर्णय असत्यको आधारमा हुने भएकोले नै आजको विषम परिस्थिति आएको भन्न सकिन्छ ।

हरेक मानवको आफ्नो स्वतन्त्र अस्तित्व त सत्य र असत्यको बीच भेद गर्नु, असत्यलाई पन्छाउनु, सत्यको लागि जीवन अर्पित गर्नु हो । यसमा कतिको त सफल वा असफल भन्ने पनि आ-आफ्नो मापदण्ड हुन्छ । समूहगत स्वार्थमा अल्झिनु, समूहगत स्वार्थमा बाँधिनु, समूहगत कुरामा लाग्नुपर्ने बाध्यताले व्यक्तिलाई आफ्नो स्व-अस्तित्व स्वतन्त्रता नै बन्धकीमा राखी दास मनोवृत्तितर्फ उन्मुख आधुनिक प्रजातन्त्र, गणतन्त्र आदि जे-जस्तो नाम दिए पनि के फरक पर्छ । संसारमा कैयौं शताब्दीअघि दासप्रथा उन्मूलन भएको मानव इतिहास छ । नेपालकै कुरा गर्दा राणाकालमा दास उन्मूलन भएको अवस्थामा आजको यो समूहगत घेरामा हुने नवीनतम दासप्रथाको उन्मूलनको लागि के-कस्तो पद्धति चाहिने हो ?

समूहगत घेरामा बसेर जे-जस्तो असत्यलाई पनि सत्य साबित गर्ने परम्परा अथवा आफ्ना गल्तीलाई जसरी भए पनि ढाकछोप गर्ने प्रवृत्ति वा अन्य पक्षको सत्यलाई पनि असत्य साबित गर्ने परिपाटी नै समूहगत परिचय हो त ? यस्तो हो भने समूहगत अवधारणाले व्यक्तिको स्वतन्त्र चिन्तन गर्ने अधिकारमाथि कुठाराघात गरेको मान्न सकिन्छ कि सकिँदैन ।

सरकार र निजी क्षेत्र तथा आम सर्वसाधारण जनता एक-आपसी प्रतिस्पर्धी र बैरीको अवस्था भएको वर्तमान अवस्था हो भने अहिलेको राजनीतिक पद्धतिमा समेत वितृष्णा बढेको नै मान्न सकिन्छ । यो भन्नु नै कतै शोषक र शोषितको पर्याय वा राज्यले सर्वसाधारणमुखी सेवाप्रवाह गर्न चुकिरहेको अवस्था मान्न सकिन्छ कि सकिँदैन ?

संविधानबमोजिमका कैयौं प्रावधानहरु लागू गर्न नसकिरहेको, गर्नलाई विभिन्न ऐन कानुनको अभावको कुराहरु पनि बेलाबखतमा सुन्नमा आइरहेको नै हो । वर्तमान समयमा कानुनको सही कार्यान्वयन नहुनु वा अझ त्यस विपरीत काम-कारबाही हुने परिपाटीलाई न्यूनीकरण गर्दै, जनतालाई पनि क्रमशः कानुन पालन गर्ने परिपाटीतर्फ उन्मुख गराउन केही सहजीकरणका उपायहरु, निणर्यहरुको आवश्यक देखिन्छ ।

वर्तमान समयमा विभिन्न कारणले कैयौं सार्वजनिक निजी सम्पत्ति प्रयोगविहीन अवस्थामा भएको, कैयौं जीर्ण अवस्थामा रहेको, कैयौं समुदायहरुको सामाजिक, आर्थिक समस्याको कारणले कानुनी प्रक्रियागतको अन्जानको अवस्थालाई पहिचान गरी जनताको सुविधा हेतु केही सहजीकरणको कानुनी उपायहरुसमेतको खोजी अनुसन्धान गरी सम्पत्ति संरक्षणतर्फ पहल गर्न सकिन्छ । आज कैयौं निजी सम्पत्तिसमेत विभिन्न कानुनी अड्चन, पारिवारिक झैझगडा, बेमेलको कारणले लथालिंग भइरहेको समेत अनुभूति हुन्छ भने अर्कोतर्फ सार्वजनिक सरकारी जग्गाहरुको विभिन्न प्रकरणहरु सुन्नमा आइरहेको प्रसंगलाई कसरी सम्बोधन गर्न सकिन्छ ? केवल कानुनको आडमा, जनताको कमी-कमजोरीलाई आधार बनाएर राष्ट्रको सम्पत्ति प्रयोगविहीन अवस्थालाई थप प्रयोगको अवस्था बनाउनुको साटो जनतालाई संविधानको भाग ३, धारा ४८ (घ) मा उल्लेख भएको नागरिकको कर्तव्य 'सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु' भन्ने मर्म बुझाउन तथा सहजीकरणको लागि समेत राज्यको क्रियाशीलताको आवश्यता रहेको मान्न सकिन्छ ।

अहिलेको नेपालको अवस्थामा जनता,व्यापारीका यावत् समस्याको पहिचान, समाधानका लागि कार्यपालिका, व्यवस्थापिकाको जोड हुनु आवश्यकता हो । प्रजातन्त्र पुनर्स्थापनापश्चात विभिन्न आरोह-अवरोहपछि हालको गणतान्त्रिक पद्धतिले पनि समाजको रुपान्तरणमा सकारात्मक परिवर्तनको साटो भ्रष्टाचार र विविध विकृतिहरुकै बोलवाला भएको देखिएकोले कतै दलीय व्यवस्था नै नेपालको लागि अफाप त भएन ? यसो भन्नुको अर्थ निरकुंश शासन प्रणालीको समर्थन कदापि होइन । तर आज विभिन्न दलहरुको एक-आपसी आरोप-प्रत्यारोप, एउटै दलभित्र फेरि विभिन्न समूहहरुको अन्तरद्वन्द्व हेर्दा आखिरमा दलहरुको पनि एकै लक्ष्य नभई फरक-फरक स्थार्थको लागि नै वादविवाद भएको तर वास्तविकरुपमा देशका जनताको समस्याहरुको तर्फ चासो कमै भएको महसुस हुन्छ । आधुनिक कालको सर्वश्रेष्ठ कहलिएको बहुदलीय व्यवस्थामा नेपाललगायत अल्प विकसित राष्ट्रहरुमा यसको सही सदुपयोग नभएको, बरु आफ्नो समूह गुटबन्दी स्वार्थमै बढी अल्झेर देश-समाजको विकासलाई ओझेल पारेको चित्र पनि प्रस्ट देखिन्छ । कत समूहगत लक्ष्य सुन्दर भएर पनि समूहगत स्वार्थमा अल्झेर सही र गलतको निर्क्योल निकाल्नुभन्दा आफ्नो समूहको कुरालाई जसरी भए पनि सही साबित गर्ने र अर्को पक्षलाई गलत ठह्याउने खेलमा मात्र हुन्दा समूहगत शक्ति बर्बाद भएन र ? दलीय र समूहगत भावनाको नाममा सही र गलत पनि यकिन गर्न नसकेको जमात तयार गर्ने बहुदलीय अभ्यास त भएन ? अझ भन्नुपर्दा व्यक्तिको वास्तविक स्वतन्त्रतालाई कतै बन्धकी राख्ने परम्पराको नराम्रो शुरुवात त भएन ?

मनुष्य जीवनमा कोही पनि पूर्ण सक्षम हुँदैन वा गल्ती नगरेको कुनै व्यक्ति होला भन्ने अनुमान गर्न कठिन नै होला । यस्तो अवस्थामा पनि एक-आपसी गालीगलौज, घात-प्रतिघातको दलीय अभ्यासले समाज देशको भलो गर्न होइन, झन्-झन् भड्खालोमा जानुबाहेक अरु हुन सक्दैन । बरु यसको साटो आ-आफ्नो गल्ती, कमजोरी सुधार गरी स्वच्छ समाजको निर्माणतर्फ सबै वर्ग-क्षेत्रको थप प्रयास वाञ्छनीय छ ।

संविधानको परिकल्पनाअनुसार बहुदलीय व्यवस्थाका विरुद्ध जान सकिँदैन तर यसको सही सदुपयोग, समाजको रुपान्तरण, संविधानको मर्म अनुरुप समाज विकासको लागि व्यक्तिहरु कुनै आस्थामा रहेर पनि सही र गलतको सवालमा कसैको घेरामा नरही स्वतन्त्रता कायम गर्ने, व्यक्तिको स्वत्वको विकासको लागि नै प्रयासरत रहनु आवश्यक हुन्छ ।

सार्वजनिक संघ, सरकारका कुनै पनि संवैधानिक निकाय, निजी, गैरसरकारी क्षेत्रका कार्य, लक्ष्य, कार्यरत पदाधिकारीहरुको व्यक्तिगत इच्छा, चाहनाको कुरा एकातिर हो तर मुख्य कुरा त पद/कुर्सी अनुरुपको कर्तव्य निर्वाह गर्नु हो । सार्वजनिक निकायमा कार्यरत पदाधिकारीहरुको पद बहाली गर्नुअघि जुन-जुन शपथग्रहण गर्ने परिपाटी छ, त्यो खालि कर्मकाण्डी मात्र त भएन ? यसको मर्म नै बुझाउन सकिएन ? अथवा यो शपथग्रहणलाई संविधानको मर्म अनुरुप सुशासन आदिको कुरामा समेत थपी, त्यो बमोजिमको सवल जनमत, कार्यक्षेत्र तयार गर्नु नै आजको अपरिहार्यता हो ।

संविधानको प्रस्तावनामा उल्लिखित विभिन्न प्रसंगहरुमध्ये 'लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार.... र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, ....दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न ....' भन्ने सन्दर्भमा आज सरकार तथा सेवाग्राहीहरुले के-कस्तो भूमिका निर्वाह गरेका छन् ? त्यसमा स्वच्छ बहस, कमी-कमजोरी सुधार्न सबैको सत्प्रयासको जरुरी छ । भाग ७ धारा ७५(१) बमोजिम नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित हुनेछ भनी उल्लेख गरेको स्मरणीय छ । आज देशमा विभिन्न काण्डहरुको चर्चा-परिचर्चा चलिरहेको अवस्था, तिनीहरुको समाधान हेतु कार्यकारिणी अधिकारी मन्त्रिपरिषद् अझ थप सक्रियता, निष्पक्षता, स्वच्छन्दता, सर्वसाधारणसेवी सेवा, भ्रष्टाचार मुक्ततर्फ पाइला चाल्ने पहलकदमी हुन अझ विशेष आवश्यकता हुन्छ । यस विशेष परिवेशमा अझ स्मरणीय हुन आउँछ, आखिर कार्यकारिणी अधिकार भएको मन्त्रिपरिषद्का निर्णय, नीति निर्माण, आयोजना, कार्यक्रमहरु निश्चित तवरले भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व पूरा गर्ने अनुरुप तथा संविधान विपरीत हुन नपर्ने कुरामा विवाद नहोला । आज समाजका विविध क्षेत्रमा समस्याहरुको विकराल अवस्थालाई मध्यनजर गर्दा यसको निराकरण हेतु निकै मेहनत, अनुशासन र सहिष्णुताजस्ता गुणहरुको विकास गर्नुको विकल्प छैन । यसको लागि सक्षम जनशक्ति तयार गर्नु नै सर्वोत्तम उपाय हो नकि कुनै दल/समूहको घेराबन्दीमा रहने जनमत तयार गर्नु । वास्तविकरुपमा सत्य/असत्यको विभेद गर्ने, कुनै स्वार्थ समूहमा नबाँधिने, व्यक्तिगत स्वतन्त्रता कायम गर्न उत्प्रेरित गर्ने, नियम-कानुनको परिपालनसहित सुशासन कायम गर्ने जनमत सृजना गर्नु आजको प्राथमिकता हुनुपर्ने देखिन्छ । आखिरमा संविधानको धारा ५१(क)(६) बमोजिम 'राष्ट्रिय आवश्यकता अनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने' पनि त राज्यको नीति नै हो । यही नै संविधानको धारा ५२ मा उल्लिखित '....मौलिक हक तथा मानवअधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरुको अनुशरण तथा राज्यका नीतिहरु क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ' भन्ने मर्मको सफिलभूत कार्यान्वयनतर्फ पाइला चालिएको हुनुपर्छ ।

संस्कृति-परम्परातर्फ पनि अझ गहन विश्लेषणको आवश्यकता देखिन्छ । पुरानो संस्कृति-परम्पराको कुरा एकातर्फको कुरा हो भने आजको बहुदलीय, लोकतान्त्रिक, गणतान्त्रिक पद्धतिमा कतै सत्य/असत्यलाई तिलाञ्जलि दिएर समूगत धेरामा रही, खालि इच्छाको बसमा रहेर एक-आपसी आरोप-प्रत्यारोप, स्वार्थजन्य कार्यक्रमहरुको बाढी हुने तर आवश्यक कार्यक्रमहरुको अपर्याप्तता नै पनि आजको संस्कृतिको विकासित रुप भएको मान्न सकिन्छ । केवल हुन्छ, हस तथा हुँदैन र नाइँको शब्दजालमा अल्झेर रहनु व्यक्तिको स्वतन्त्रता र दासत्वको बीचमा रुमलिरहनु मात्र हुन्छ । यसबाट देश-समाजको हकहित हुन सक्दैन । व्यक्तिको दासत्वबाट मुक्ति भई मानसिक स्वतन्त्रताको अभियान नै आजको अपरिहार्यता हो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# कोशी पर्यटन वर्ष : भारतीय पर्यटकको रोजाइमा पूर्वी पहाड



मोरङ- प्रदेशको पर्यटन विकास र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ मनाइरहेको छ।

छिमेकी मुलुक भारत र तेस्रो मुलुकबाट १५ लाख पर्यटक भित्र्याउने लक्ष्यसहित सुरु भएको पर्यटन वर्षको छ महिना पूरा गरिसकेको छ । भारतको बिहार घर भएका कमलेश शर्मा आफ्ना चार जनाको परिवारसहित एक सातादेखि नेपाल बसिरहेका छन्। 'यसअघि पनि साथीहरूसँग घुम्न नेपाल आएको थिएँ, तर परिवारसँग पहिलोपटक नेपाल आएको छु', इलामको कन्याममा भेटिएका उनले बताए।

उनका अनुसार अघिल्लो समयमा भन्दा यस वर्ष भ्रमण निकै सहज र रमाइलो भएको छ। आफूजस्तै अरु पनि थुप्रै भारतीय नागरिक नेपाल घुम्न रुचाउने शर्मा बताउँछन्। उनले सस्तो मूल्यमै स्तरीय होटलमा बस्न पाइएको बताए।

सुरुआती तीन महिना वैशाख, जेठ र असारमा प्रदेश सरकारले पर्यटन वर्षको कार्यक्रम देखिए तापनि पछिल्ला तीन महिना पर्यटन प्रचारप्रसारसम्बन्धी कार्यक्रम न्यून देखिए । 'कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान' भन्ने मूल नाराको साथ कोशी प्रदेश सरकारले ल्याएको उक्त कार्यक्रमलाई सरकार सँगसँगै निजी क्षेत्रको पनि उत्तिकै सहभागितामा पर्यटन वर्ष सफल बनाउन लागिरहेको कोशी पर्यटन वर्ष २०८२ का सहसंयोजक भविष श्रेष्ठ बताउँछन्। उनका अनुसार धार्मिक, प्राकृतिक, सांस्कृतिकसँगै शिक्षा, स्वास्थ्य, खेलकुदलगायत क्षेत्रका पर्यटक पनि आउने गरेका छन्।

कोरोना महामारीपछि थलिएको पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ कार्यक्रम ल्याएको छ। पर्यटनको माध्यमबाट नेपालको वैदेशिक ऋण र व्यापार घाटा कम गर्न सकिने उल्लेख गर्दै कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ऊर्जा, जलविद्युत्, पर्यटन, जडीबुटीका क्षेत्रमा काम गर्ने बताउनुभयो। प्रदेशमा पर्यटकस्तर होटल करिब पाँच सय होटल र वानस्टार स्तरदेखि फाइभस्टार स्तरसम्मका डेढ सय होटल रहेको पर्यटन व्यवसायी तथा कोशी पर्यटन वर्ष २०८२ का सहसंयोजक भविष श्रेष्ठ बताउँछन्।

उनका अनुसार यी होटलहरूमा दैनिक तीन हजार पर्यटक बस्न सक्ने क्षमता रहेको छ। गत महिना पूर्वी पहाडी जिल्लामा आएको बाढीपहिरोले पर्यटन क्षेत्रलाई पनि प्रत्यक्ष असर गरेको श्रेष्ठ बताउँछन्। छठपर्व पछाडि पर्यटन वर्ष २०८२ को थप प्रचारप्रसार गरिने उनले बताए।

कोशी प्रदेश भौगोलिक, सांस्कृतिक र धार्मिक पर्यटनका हिसाबले रमणीय मानिन्छ। यहाँ विभिन्न प्रसिद्ध धार्मिकस्थलसहित आठ हजार आठ सय ४८ मिटर अग्लो विश्वको सर्वोच्च शिखर सगरमाथादेखि समुद्री सतहबाट ७० मिटर उचाइमा रहेको नेपालकै होचो भूभाग कचनकवल पनि छ।

सूर्योदय हेर्न इलामको श्रीअन्तुडाँडामा दैनिक हजारौं स्वदेशी तथा बाह्य पर्यटकको भीड नै लाग्ने गर्दछ। कोशीटप्पु आरक्ष क्षेत्रमा चरा हेर्नेदेखि वेतना सिमसारका कछुवाले पर्यटकलाई लोभ्याउने गरेको छ।

कोशी प्रदेश सरकारले यो प्रदेशमा पर्यावरणीय गन्तव्यको सूचीमा १३ र ट्रेकिङ ट्रेलका रूपमा १० स्थान समावेश गरेको छ। सर्वोच्च शिखर सगरमाथा अवलोकन गर्न ४३ प्रतिशत बाह्य र ५७ प्रतिशत आन्तरिक पर्यटक हरेक वर्ष यो प्रदेशमा आउने गरेको सरकारी तथ्याङ्क छ । धनकुटाको छिन्ताङ, ताप्लेजुङका पाथिभरा मन्दिर, खोटाङको हलेसी, सुनसरीको बराह क्षेत्र धार्मिक पर्यटनका हिसाबले महत्त्वपूर्ण क्षेत्र हुन् । इलामको चियाबारी, धनकुटाको भेडेटार, भोजपुरको ट्याम्केमयुङडाँडा, पाँचथरको साधुटारलगायत पर्यटकीय आकर्षक गन्तव्य मानिन्छन्।

सगरमाथा, मकालु, कञ्चनजङ्घा, ल्होत्से र चोयुलगायत हिमशृङ्खलाले विदेशी पर्यटकलाई आकर्षित गर्ने गरेको छ। सगरमाथा, मकालु र कञ्चनजङ्घा बेस क्याम्पसम्मको ट्रेक साहसी र रोचक मानिन्छ । त्यससँगै फाल्गुनन्द ट्रेकिङ, मुन्दुम ट्रेल, सभापोखरी ट्रेक पर्यवरणीय पर्यटनको आधार मानिन्छ।

**रामेछाप डायरी**

## रामेछापमा दशैं-तिहार शान्तिपूर्ण रूपमा सकियो



रामेछाप जिल्लामा यस वर्षको बडा दशैं र तिहार पर्व शान्तिपूर्ण र उल्लासपूर्ण वातावरणमा सम्पन्न भएका छन् । सुरक्षाका दृष्टिले संवेदनशील मानिएका केही क्षेत्रमा समेत कुनै अप्रिय घटना नभएपछि जिल्लामा शान्तिपूर्ण रूपमा पर्व मनाइएको स्थानीय प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय रामेछापका अनुसार दशैं र तिहारका बेलामा जिल्लाभर सुरक्षाकर्मीहरूको विशेष गस्ती, निगरानी र चेकजाँच कडाइका साथ सञ्चालन गरिएको थियो । स्थानीय तहका जनप्रतिनिधि, सामाजिक संघसंस्थाहरू र समुदायका स्वयंसेवकहरूले समेत पर्वका समयमा सौहार्दपूर्ण वातावरण कायम गर्न सहयोग गरेका थिए । यस वर्ष दशैं-तिहारको समयमा जिल्लाभरका बजारहरूमा रौनक देखिएको थियो।

## रामेछापमा घाँस काट्ने क्रममा बारीको कान्लाबाट खसेर एक वृद्धको मृत्यु



रामेछापको रामेछाप नगरपालिका वडा नं ६ धमिनीछापमा बारीको कान्लाबाट खसेर एक वृद्धको मृत्यु भएको छ। यहि कातिक ८ गते शनिबार घाँस काट्ने क्रममा धमिनीछापकी वर्ष ७२ की पोक्चीमाया मगर बारीको कान्लाबाट लडेकी थिईन। उनको टाउकोमा गहिरो चोट लागेको थियो। उनलाई उपचारको लागि रामेछाप अस्पताल ल्याइएको थियो। रामेछाप अस्पतालमा सामान्य उपचारपछि उनलाई थप उपचारको लागि धुलिखेल अस्पताल काभ्रे पठाइएको थियो। उनको उपचारको क्रममा मृत्यु भएको प्रहरी चौकी रामेछाप डाँडाले जानकारी दिएको छ।

# अझै बाहिरै छन् कारागारबाट भागेका ५ हजार कैदी



काठमाडौं- 'जेनजी' प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधार गृहबाट भागेकामध्ये अझै करिब पाँच हजार कैदी फरार छन्।

प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५८५ कैदी र नौवटा बाल सुधारगृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५४९ बन्दी भागेका थिए।

तीमध्ये हालसम्म नौ कैदी र ५८२ बालबन्दी गरी कुल नौ हजार ५८२ बन्दी कारागार फर्केका छन्। कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार चार हजार ५९६ कैदी र ३८६ बालबन्दी गरी कुल चार हजार ९८२ बन्दी अझै फरार छन्। सरकारले फरार कैदीबन्दीलाई कारागार फर्कन 'अल्टिमेटम' दिएको छ। ठूलो सङ्ख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ। अभियानअन्तर्गत फरार कैदीलाई नियन्त्रणमा लिँदै सुरक्षाकर्मीले सम्बन्धित कारागारमा बुझाइरहेका छन्। मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो। प्रदर्शनको मौका पारेर सुनसरीको झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, काठमाडौंका नक्खु, डिल्लीबजार, जगन्नाथदेवल, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, दाङ तुलसीपुर, नौवस्ता बाँके, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट १३ हजार ५८५ कैदीबन्दी भागेका थिए। यस्तै, मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधारगृहबाट ९६४ बालबन्दी भागेका थिए।

सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन, धादिङ र सप्तरीमा दुई/दुई कैदीको गोली लागेर मृत्यु भएको थियो। यस्तै, नौवस्ता बालसुधारगृहमा झडप हुँदा पाँच र डोटी बालसुधारगृहमा एक बालबन्दीको मृत्यु भएको थियो। कारागार कार्यालयहरूले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गरउँदै आएका छन्। सरकारको सूचनालाई बेवास्ता गरी फरार रहेका कैदीबन्दीलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ। देशभरका ७२ जिल्लामा रहेका ७५ वटा कारागार र बालगृहमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार ६४१ कैदी र बालबन्दी रहेका छन्।

# भाषण गर्न र रिबन काट्न नबोलाउनुहोस् : शिक्षामन्त्री पुन



काठमाडौं- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनले आफूलाई कुनै पनि औपचारिक कार्यक्रमहरूमा नबोलाउन आग्रह गरेका छन्।

सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत् मन्त्री पुनले खासगरी उद्घाटन र शिलान्यास कार्यक्रमका लागि प्रमुख अतिथिको रूपमा निम्तो नपठाउन आग्रह गरेका हुन्।

मन्त्री पुनले आफ्नो सम्पूर्ण समय काममा लगाउन चाहेको संकेत गर्दै अनावश्यक समारोहहरूमा सहभागी नहुने स्पष्ट पारेका छन्।

कृपया कसैले पनि र कहिँबाट पनि हालको म मन्त्रीलाई उद्घाटन/शिलान्यास कार्यक्रम, प्रमुख अतिथि हुने जस्ता कुनै पनि औपचारिक कार्यक्रमहरूमा निमन्त्रणा गर्दै नगर्नु होला,' उनले भनेका छन् । आफू युनेस्कोको महासभाको उज्बेकिस्तानमा हुने साधारण सभा र ब्रिटिश काउन्सिलले नाइजेरियामा आयोजना गरेको कन्फ्रेन्समा समेत नगएको जानकारी दिँदै उनले अत्यावश्यक काममा मात्र मन्त्रीहरू विदेश गएका स्पष्ट पारे।

मन्त्री पुनले अत्यावश्यक र नगई नहुने महत्त्वपूर्ण बैठक तथा कामहरूमा मात्र केही मन्त्रीहरू विदेश गएको स्पष्ट पारेका छन् । उनले 'विदेश घुम्यो' भन्ने हल्ला नगर्न पनि आग्रह गरेका छन्।

राष्ट्रिय आविष्कार केन्द्रका संस्थापकसमेत रहेका वैज्ञानिक पुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीमा नियुक्त भएलगत्तै आफ्नो फरक कार्यशैलीका कारण चर्चामा छन्।

## कांग्रेस-एमालेलाई सुदन गुरुङको चेतावनी

काठमाडौं- हामी नेपालका संयोजक सुदन गुरुङले जेनजीहरूलाई विभाजित गर्ने प्रयास नगर्न राजनीतिक दलहरूलाई चेतावनी दिएका छन्।

बिहीबार माइतीघरमण्डलमा जेनजी आन्दोलनका शहीदको सम्झनामा आयोजित कार्यक्रममा उनले जेनजीहरूलाई विभाजित गर्ने प्रयासमा पूराना राजनीतिक दलहरू लागेको आरोप लगाए । 'जेनजीहरूलाई कमजोर बनाउने उनीहरूको रणनीति थियो, उनीहरूलाई लागेको होला हामीले उनीहरूको रणनीति बुझेका छैनौं,' गुरुङले भने, 'जेनजीहरूलाई विभाजित गर्न खोज्ने नेताहरूले यस्तो भ्रम नराखे हुन्छ।'

जेनजीको एकता बिथोलेर नेताहरूले जेनजीभन्दा त कांग्रेसै ठिक, एमाले नै ठिक हो भन्ने बनाउन खोजिरहेको जिकिर गरे । 'अब नेपाली नागरिक भएर सोचौं, एउटै झन्डामुनि मात्रै बसौं र देश विकास गरौं,' उनले भने।

पाइला चाल्नुअघि आफूहरूले हरेक मुभको हिसाबकिताब गरिरहेको उनको भनाइ थियो । 'अहिले हामी (जेनजीहरू) लाई छुट्याउनका लागि त नेपालीहरूलाई नै छुट्याउनुपर्‍यो, त्यो तागत उनीहरूसँग छैन,' उनले थपे।

जेनजी अगुवाहरूमध्ये को राम्रो, को नराम्रो भन्ने भाष्य बनाउने काममा नेताहरू लागेको उल्लेख गर्दै उनले आक्रोश पोखे, 'नराम्रो त्यो नेताहरू हो, अहिलेको समयसम्म देश बिगार्ने नेताहरू हो।' अहिलेसम्म त्यस्ता नेता नचिनेर नागरिकले तिनलाई भोट हालिरहेको बताएका गुरुङले अब नागरिकले आफ्नो सोच परिवर्तन गर्नुपर्ने बताए। त्यसपछि मात्र समाज परिवर्तन हुने उनको भनाइ छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १४,
२०८२ साल कार्तिक ११ गते मंगलबार
28 OCTOBER 2025, TUESDAY

# आन्दोलनबाट बागमतीको ९० करोडको क्षति, एउटा मात्रै भवन बस्न योग्य



काठमाडौं- जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनीका कारण क्षतिग्रस्त बागमती प्रदेशका अधिकांश सरकारी भवनहरू प्रयोग अयोग्य बनेका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयले गरेको प्राविधिक परीक्षणअनुसार बागमती प्रदेशका ११ वटा सरकारी संरचनामध्ये १० वटा तत्काल प्रयोगका लागि अयोग्य देखिएका छन् ।

मन्त्रालयका अनुसार परीक्षणमा सहभागी प्राविधिक टोलीले आधुनिक उपकरण प्रयोग गरी भवनहरूको अवस्था मूल्यांकन गरेको हो । सो मूल्यांकनका आधारमा भवनहरूलाई तीन वर्गमा विभाजन गरिएको छ – हरियो (तत्काल प्रयोगयोग्य), पहेंलो (मर्मतपछि प्रयोगयोग्य) र रातो (पूर्णरूपमा असुरक्षित, पुनर्निर्माण आवश्यक) । परीक्षण गरिएका ११ संरचनामध्ये २ वटा रातो, ८ वटा पहेंलो र १ वटा मात्र हरियो सूचीकृत भएका छन् ।

हरियो वर्गमा पर्ने एक मात्र भवन आन्तरिक मामिला तथा कानुन मन्त्रालयको हो । रातो वर्गमा भने बागमती प्रदेशसभा भवन र सहरी विकास तथा भवन कार्यालयको संरचना परेका छन् । यी दुई भवन पूर्णरूपमा ध्वस्त भएकाले पुनर्निर्माणबाहेक विकल्प नभएको मन्त्रालयले जनाएको छ । प्रदेशसभाको पुरानो र नवनिर्मित दुवै भवन आगजनीका कारण जलेर नष्ट भएका थिए । प्रदेशसभा सचिवालय अहिले अस्थायी रूपमा अन्य भवनमा स्थानान्तरण गरिएको छ ।

त्यस्तै, हेटौंडास्थित भौतिक पूर्वाधार विकास, श्रम तथा यातायात, कृषि तथा पशुपन्छी विकास, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयका भवनहरू पहेंलो वर्गमा परेका छन्, जसको मर्मतपछि मात्र प्रयोग सम्भव हुनेछ । मुख्यमन्त्री कार्यालयको सभाहल, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सामाजिक विकास मन्त्रालयको 'बी' ब्लक, प्रदेश प्रमुख सचिव निवास र बागमती विश्वविद्यालयको बोर्ड अफ ट्रस्टिज कार्यालय पनि पहेंलो सूचीकृत भएका छन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठाका अनुसार पहेंलो र हरियो भवनहरूमा शीघ्र मर्मत गरी सेवा सञ्चालन गर्ने तयारी भइरहेको छ । उनले रातो स्टिकर भएका दुई भवन (नयाँ बनेको प्रदेश सभा हलसहित) पुनर्निर्माण गर्नुपर्ने बताए । आन्दोलनका क्रममा सरकारी कार्यालय, सवारीसाधन र जिन्सी गरी ९० करोड रुपियाँभन्दा बढीको सम्पत्ति क्षति भएको प्रारम्भिक विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको छ । क्षति काठमाडौं, ललितपुर, भक्तपुर, चितवन र मकवानपुरका विभिन्न सरकारी संरचनामा भएको हो । मकवानपुरमा मात्रै १७ कार्यालयका ४० भवनमा क्षति पुगेको मन्त्रालयको विवरणमा उल्लेख छ ।

क्षतिको मूल्यांकन, पुनर्निर्माण र स्रोत व्यवस्थापनका लागि भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरिएको छ । समितिमा सम्बन्धित मन्त्रालयका सचिव तथा प्राविधिक विज्ञहरू सदस्य रहेका छन् । समितिले तयार पार्ने प्रतिवेदनका आधारमा बजेट र पुनर्निर्माणको अन्तिम टुंगो लगाइनेछ । सरकारी संरचनामा ठूलो क्षति भएपछि प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को ६७ अर्ब रुपियाँको बजेट पुनरावलोकन गर्ने निर्णय गरेको छ ।

बजेट पुनरावलोकनमार्फत साना तथा अप्रभावकारी योजनाहरू कटौती गरी पुनर्निर्माणमा प्राथमिकता दिइने सरकारले जनाएको छ । सबैभन्दा ठूलो क्षति प्रदेशसभा भवनमा पुगेको छ । बागमती प्रदेशसभा सचिवालयका प्रारम्भिक तथ्यांक अनुसार करिब ३५ करोड रुपियाँ बराबरको क्षति भएको छ । १२ करोड २९ लाख रुपियाँ लागतमा बनेको नवनिर्मित सभाहल जलेर पूर्णरूपमा ध्वस्त भएको छ ।

# डबल ए माइनस रेटिब प्राप्त गर्ने पहिलो जीवन बीमा कम्पनी बन्यो नेपाल लाइफ




काठमाडौं- नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले इक्रा नेपालबाट डबल ए माइनस रेटिब प्राप्त गरेको छ ।

यस श्रेणीमा पर्ने संस्थाहरूलाई अत्यन्तै उच्च स्तरको सुरक्षित र वित्तीय दायित्व समयमै पूरा गर्ने क्षमतायुक्त मानिन्छ । यो रेटिब प्राप्त गर्ने नेपाल लाइफ इन्स्योरेन्स जीवन बीमा क्षेत्रमैपहिलो जीवन बीमा कम्पनी बनेको छ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो वित्तीय स्थायित्व, बलियो बजार स्थिति र समयमै वित्तीय दायित्व पूरा गर्ने क्षमताका आधारमा इक्रा नेपालबाट डबल ए माइनस क्रेडिट रेटिब प्राप्त गरेको हो ।

सन्२००१ मा स्थापित कम्पनीले हाल देशभर १९० भन्दा बढी शाखा सञ्चालन गर्दै आ.व. २०८१/८२ को असार मसान्त सम्ममा कुल बीमा शुल्कको हिसाबले२७% भन्दा बढी बजार हिस्सा कायम गर्न सफल भएको छ । कम्पनीको सोल्भेन्सी अनुपात १५०.४०% रहेको छ जुन नेपाल बीमा प्राधिकरणले तोकेको न्युनतम अनुपात भन्दा बढी हो । कम्पनीलेकरिब ९४% लगानी स्थिर ब्याज दिने उपकरणहरूमा गरेको छ, जसले असार मसान्त सम्ममा औसत १०.०२% प्रतिफल प्रदान गरेकोछ ।

आ.व. २०८०/८१ मा कम्पनीले रू. २.१२ अर्ब खुद नाफा आर्जन गरेको थियो भनेशेयरधनी कोषमा १८% प्रतिफल रहेको थियो । नेपाल लाइफले आफ्नो जोखिम सन्तुलन गर्न नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, हिमालयन पुनर्बीमा लिमिटेड र ह्यानोभर रि (जर्मनी)सँग पर्याप्त पुनर्बीमा गरी आकस्मिक क्षतिबाट हुने सुरक्षा सुनिश्चित गरेको छ । जीवन बीमा क्षेत्रको अनुभवी संचालक समिति र दक्ष व्यवस्थापन टोलीको नेतृत्वबाट कम्पनीले ग्राहकको विश्वास, पारदर्शिता र दीर्घकालीन वित्तीय स्थायित्व कायम राख्दै आएको छ । यस उच्च रेटिबले नेपाल लाइफको विश्वसनीयता, स्थिरता, सशक्त नेतृत्व र बजारमा अग्रस्थान कायम राख्ने क्षमतालाई पुष्टि गर्दछ ।

कम्पनीको करिब ९८.८० प्रतिशत व्यवसाय सावधिक जीवन बीमामा आधारित रहेको छ, जसले दीर्घकालीन स्थायित्व र बजारमा बलियो उपस्थिति कायम गर्न सहयोग पुऱ्याएको छ । साथै, आ.व.२०८१/८२ को असार मसान्त सम्म कम्पनीले करिब १ अर्ब ३२ करोड रुपैयाँ बराबरको विपद्कोष सुरक्षित राखेको छ, जुन कम्पनीको व्यवसायिक आकार अनुसार पर्याप्त छ । कम्पनीको २३३ अर्ब भन्दा माथिको जीवन बीमा कोष र २४० अर्ब भन्दा माथिको लगानी रहेको छ । कम्पनीले असार मसान्त सम्ममा ६७ अर्ब भन्दा माथिको दावी भुक्तानी गरेको छ । यस अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले कम्पनीले डबल ए माइनस रेटिब प्राप्त गरेकोमा कम्पनीलाई यस रेटिब प्राप्त गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै कम्पनीले आफ्नो वित्तीय स्थायित्वलाई झन्सबल र सुदृढ बनाउनका निम्ति जोखिम न्यूनीकरणका उपकरणहरूको अधिकतम प्रयोग गर्ने तथा लगानी विविधिकरणलाई प्राथमिकतामा राख्दै लगानीको प्रतिफललाई स्थिर र उच्च बनाउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरूको प्रयोग गर्न कम्पनी कटिबद्ध रहेकोबताउनुभयो ।

प्रमुख कार्यकारी अधिकृत पराजुलीले कम्पनीलाई मार्ग निर्देशन प्रदान गर्नुहुने सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरू, कम्पनीमा विश्वास गरी बीमा गर्नुहुनेबीमितहरु, कम्पनीको मेरुदण्डको रूपमा रहनुभएका अभिकर्ताहरू, कम्पनीका कर्मचारीहरू, शेयरधनी महानुभावहरु, नियामक निकायहरू तथा सहयोग गर्नुहुने अन्य सम्पूर्ण सरोकारवालाहरूमा धन्यवाद ज्ञापन गर्नुभएको छ ।

# तरलता थुप्रिएपछि लागत घटाउने राष्ट्र बैंकको रणनीति




काठमाडौं- तरलता व्यवस्थापनका लागि बजारबाट धमाधम पैसा खिचिरहेको राष्ट्र बैंकले अब लागत घटाउने रणनीति अपनाएको छ ।

प्रणालीमा निरन्तर तरलता थपिँदै जाँदा राष्ट्र बैंकले अल्पकालीन उपकरणमार्फत तरलता खिचेर लागत घटाउने रणनीति लिएको हो ।

राष्ट्र बैंकले अल्पकालीन तरलता प्रशोचनका लागि स्थायी निक्षेप सुविधा (एसडीएफ) र निक्षेप संकलन उपकरण चलाउने गर्छ ।

निक्षेप संकलन उपकरण प्रयोग गर्दा लागत बढ्ने भएपछि राष्ट्र बैंकले एसडीएफमार्फत तरलता खिच्न थालेको छ । सोमबारबाट तिहार बिदा सुरु हुने भएकाले राष्ट्र बैंकले छोटो अवधिको उपकरण चलाएको बैंकरहरु बताउँछन् । 'तरलता निरन्तर बढ्दै जाँदा राष्ट्र बैंकले अहिले निक्षेप संकलन उपकरण प्रयोग गरेको छैन । यसबाट तानेको पैसा लामो समयसम्म राख्नुपर्ने भएकाले राष्ट्र बैंकले एसडीएफमार्फत पैसा खिचिरहेको छ,' एक बैंकका सीइओले भने, 'एसडीएफमार्फत खिचेको पैसा तिहार बिदा सुरु हुनुअघि नै परिपक्व भयो । जसले गर्दा तिहार बिदाको समयको ब्याज तिर्नु नपरेपछि लागत स्वत: घट्यो । हाम्रो पैसा स्टक भएर बसेको छ ।'

ब्याजदर घटे पनि कर्जाको माग बढ्न नसकिरहेको बेलामा राष्ट्र बैंकले पैसा पार्क गर्ने सुविधा नदिएकाले त्यसको असर बैंकहरुमा पर्ने ती सीइओको भनाइ छ ।

राष्ट्र बैंकका एक अधिकारीले प्रणालीमा रहेको अधिक तरलता बजारमा नै व्यवस्थापन हुनुपर्ने र नभए मात्रै प्रशोचन गरिने बताए । 'प्रणालीमा धेरै भएको तरलता सबैभन्दा पहिले बजारले व्यवस्थापन हुनुपर्छ । बजारमा व्यवस्थापन नभएमा हामी खिच्छौं,' ती अधिकारीले बिजमाण्डूसँग भने, 'तरलता बढी भएको बेलामा खिच्छौं र कम भए पठाउछौं ।'

राष्ट्र बैंकले कात्तिक २ गते आइतबारसम्म बैंक तथा वित्तीय संस्थाहरुबाट विभिन्न मितिमा साढे ७ खर्ब रुपैयाँ खिचेकामा परिपक्व भइसकेको छ । तिहार बिदामा ब्यर्थमा ब्याज तिर्नु पर्ने भएकाले आइतबार भने नखिचेको ती अधिकारीको भनाइ छ । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक किरण पण्डितले तिहार बिदाका कारण प्रभावित भए पनि अब कार्यालय खुलेपछि तरलता प्रशोचन गर्ने बताए ।

'प्रणालीमा तरलता बढ्दै गइरहेको छ । तरलता व्यवस्थापनका लागि निरन्तर प्रशोचन पनि गरिरहेका छौं,' पण्डितले भने,' दसैं तिहारको बीचमा हामीले निक्षेप संकलनभन्दा एसडीएफ उपकरण चलायौं । अब बिदा सकिएपछि प्रशोचन गर्छौं ।'

कर्जा निक्षेप अनुपात (सीडी रेसियो(लाई हेर्दा बैंक तथा वित्तीय संस्थाहरुमा हाल झण्डै ११ खर्ब रुपैयाँ लगानीयोग्य रकम थुप्रिएको छ ।

# जेनजी आन्दोलनपछि पुराना र ठूला नोट बैंकमा आउन थाले

काठमाडौं- जेनजी आन्दोलनपछि बैंक तथा वित्तीय संस्थामा रहेका पुराना तथा निष्क्रिय खाताहरु एकाएक सक्रिय हुन थालेका छन् ।

भदौ २३ गतेको जेनजी आन्दोलन र भोलिपल्टको आगजनी, लुटपाट तथा चोरीपछि बैंक तथा वित्तीय संस्थाहरुमा शंकास्पद वित्तीय कारोबार बढेको अनुमान बैंकहरुले गर्न थालेका छन् ।

लामो समयदेखि थुपारिएको जस्तो लाग्ने, ओस तथा ढुँडी परेका ठूला दरका नोटहरु प्रणालीमा आउन थालेको बैंकरहरु बताउँछन् । 'ठ्याक्कै यही हो भनेर यकिन गर्न सकिँदैन । तर, शंकास्पद भने देखिन्छ,' एक बैंकरले बिजमाण्डूसँग भने, 'निक्षेप पनि त्यही अनुसार बढेको देखिन्छ ।' बैंकरका अनुसार, दसैंतिहारताका नगद जम्मा हुने प्रवृत्ति पहिले पनि थियो । तर, यसपाली अलिकति फरक देखिन्छ । 'हामी दाबी गरेर निष्कर्ष त सुनाउन सक्दैनौं । तर, अनुमान भने गर्न सक्छौं,' ती बैंकरले भने, 'अरुको जस्तै हाम्रो पनि अनुमान प्रणालीभन्दा बाहिर रहेको नगदहरु अहिले बैंकहरुमा आइरहेका छन् ।' बैंकरले खाता सक्रिय भएको र पुरानो नोट आएको आधारमा गरेको अनुमानलाई निजी क्षेत्रमा काम गरिरहेका कतिपय चार्टर्ड एकाउन्टेन्टहरुले पुष्टि गर्छन् । बण्डल-बण्डलमा पैसा ल्याएर 'यसलाई प्लेसमेन्ट गरिदेउ' भन्नेहरु बढेको उनीहरु बताउँछन् । 'विगतमा कुनै हिसाबले प्रणाली बाहिर रहेको पैसाहरु अहिले घुमाउरो बाटोबाट प्रणालीभित्र छिराउने प्रयास भइरहेको छ,' ती वरिष्ठ चार्टर्ड एकाउन्टेन्टले भने ।

अस्वाभाविक रुपमा भइरहेको यस्तो गतिविधिको पछाडि दुई वटा कारणहरु हुन सक्ने उनीहरुको विश्लेषण छ ।

पहिलो, भ्रष्टाचारको विरोध र सुशासनको माग गर्दै भएको जेनजी आन्दोलसँगै ५०० र १००० दरका नोटहरु खारेज गर्नुपर्ने माग बढेर गएको छ । त्यसैले सरकारले ठूला दरका नोटहरुको कारोबारमा प्रतिबन्ध लगाउन सक्छ भन्ने डर बढेर गएको छ ।

अर्को कारण, घर-कार्यालयमा पैसा राख्दा सुरक्षित नहुने रहेछ । जुनसुकै बेला जे पनि हुने, लुटिने, आगजनी हुने जोखिम आन्दोलनसँगै बढेर गएको छ । सँगसँगै राज्यले पनि अवैध धनमा सम्पति शुद्धीकरण, राजस्व अनुसन्धान विभागमार्फत निगरानी बढाएको छ । त्यसैले विभिन्न च्यानल प्रयोग गरेर प्रणालीमै धन राख्दा सुरक्षित हुने रहेछ भन्ने स्थापित हुँदै गएको छ । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पुष्पकमल दाहाल तथा पूर्वऊर्जामन्त्री दीपक खड्काको घरमा आन्दोलनका क्रममा नगद जलेको तस्बिर तथा भिडियो सार्वजनिक भएको थियो । त्यसपछि नेताका घरमा अर्बौं पैसा लुकाइएको छ भन्ने आम बुझाइ बन्न गएको छ । यही कारण ठूला दरका नोट प्रतिबन्ध लगाउनुपर्ने माग उठिरहेको छ । ठूला नोट प्रतिबन्ध लगाएपछि भ्रष्टाचार गरेर कमाएको पैसा शून्यमा पुग्ने विश्लेषण छ । जनदबाबले गर्दा सरकारले ठूला दरका नोट प्रतिबन्ध लगाउन सक्छ भन्ने अनुमानले पनि प्रणालीतिर कुनै न कुनै माध्यमबाट पैसाहरु फिर्ता हुन थालेको हुन सक्ने राष्ट्र बैंकका अधिकारिहरुको पनि अनुमान छ ।

# सरकारले घोषित मितिमै चुनाव गराउनुपर्छ : डीपी अर्याल



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यवाहक सभापति डीपी अर्यालले सरकारले घोषित मितिमै चुनाव गराउनुपर्ने बताएका छन् ।

भैरहवामा पत्रकारहरूसँग कुरा गर्दै अर्यालले मुलुकलाई सही निकास दिन चुनाव बाहेक अरू विकल्प नभएको बताए ।

'रास्वपा चुनावमा केन्द्रित भइसक्यो, पार्टी उपसभापति स्वर्णिम वाग्लेले नेतृत्वमा बाचा पत्र तायारेको काम भइरहेको छ, कार्तिक १५ गते निर्वाचन केन्द्रित कार्यक्रम घोषणा गर्दैछौं,' अर्यालले भने, 'अरू दलले पनि चुनाव सम्पन्न गर्न सहयोग गर्नं पर्छ ।'

अन्तरिम सरकारको मुख्य म्यान्डेट चुनाव गराउनु भएको बताउँदै उनले चुनाव गराउन नसके राज्य असफल हुने बताए । निर्वाचन आयोगले आह्वान गरेअनुसार मतदाता परिचयपत्र बनाउन रास्वपाले ७७ वटै जिल्लामा पार्टीका सबै संरचनालाई कात्तिक २५ सम्म सहयोगी भूमिका निर्वाह गर्न निर्देशन दिएको अर्यालले बताए ।

पत्रकारको जिज्ञासामा कार्यवाहक सभापति अर्यालले रास्वपालाई मुलधारको पहिलो शक्ति बनाउन जेनजी अगुवा, कुलमान घिसिङ लगायत नयाँ शक्ति र समूहलाई एकै ठाउँमा ल्याउन निरन्तर संवाद र छलफल भइरहेको र वार्ता एकदमै सकारात्मक रहेको बताए ।

तर, यसबारे सञ्चार माध्यममा आएका समाचारमा सत्यता नभएको अर्यालले स्पष्ट पारे ।

अर्यालले भदौ २३ गते सरकारले जेनजी आन्दोलनमाथि दमन र हत्या गरेको बताउँदै २४ गरेको घटना विध्वंस भएको बताए ।

भदौ २३ को घटनाका दोषीमाथि कानुन अनुसार कारबाही हुनुपर्नेमा जोड दिँदै उनले गौरी बहादुर कार्की नेतृत्वको आयोगले नपुगे त्यसलाई थप विस्तार र बलियो बनाउनु पर्ने सुझाए ।

२३ गतेको घटनामा सरकारले भीड नियन्त्रणको न्यूनतम आचार संहिता पनि पालना नगरी अत्यधिक बल प्रयोग गरी हत्यामा उत्रिएको बताए ।

सरकारको नेतृत्वले प्रतिपक्षी दलहरूले, समाजका विभिन्न वर्ग र समुदायका आवाज नसुनेर दुई तिहाईको दम्भमा नजर अन्दाज गरेकाले जेनजी विद्रोह हुन पुगेको अर्यालको भनाइ थियो । २४ गरेका घटनाका सम्बन्धमा सामाजिक सञ्जालमा आएका तस्वीरका आधारमा नभई गहिराइमा पुगेर अनुसन्धान गरी प्रमाणका आधारमा कारबाही हुनुपर्ने बताए ।

पार्टीको महाधिवेशन बारे सोधिएको प्रश्नमा अर्यालले आफ्नो पार्टीको महाधिवेशन गर्ने समय आई नसकेको बताए ।

## खेलकुद

# भारतमाथिको जितमा सावित्रा नायक

काठमाडौँ – नेपालले थ्री नेसन्स कपमा सोमबार भारतमाथि २-१ को सानदार जित निकालेको छ । सिलोङको जवाहरलाल नेहरू स्टेडियममा नेपाली महिला राष्ट्रिय टिमको हात पारेको यस जितमा सावित्रा भण्डारी नायक रहिन् र उनले दुवै गोल गरिन् ।




यससँगै महिला अन्तर्राष्ट्रिय फुटबलमा भारतमाथि नेपालको पछिल्लो समयको प्रभुत्व कायम रह्यो । एसिया कपमा छनोट भएको भारतमाथिको यो जितले नेपाली फुटबल उत्साहित रहनेछ ।

भारतले नेपाललाई सन् २०१९ यता हराउन सकेको छैन । भारतमाथि नेपालको चौथो जित मात्रै हो । सावित्राले खेलको दोस्रो मिनेटमै गोलको खाता खोलिन् र उनले विमला विकको लामो पास सदुपयोग गर्दै गोल गरेकी हुन् । उनको दोस्रो गोल भने ६२ औं मिनेटमा निस्केको थियो र यसका लागि फ्रि-किकको सुन्दर उपयोग गरिन् ।

सावित्राले २० यार्ड भन्दा टाढाबाट गरेको प्रहार चार भारतीय खेलाडीको मानवीय पर्खाललाई कुनै अवसर नदिएर गोलमा परिणत भएको थियो । भारतका लागि करिष्मा पुरुषोत्तमले ८२ औं मिनेटमा एक गोल फर्काइन् ।

सावित्राको नेपालका लागि ५९ खेलमा ६८ औं गोल हो । भारतविरुद्ध मात्रै उनको व्यक्तिगत गोल संख्या १० पुगेको छ । यस जितसँगै नेपालले तीन टिम सम्मिलित प्रतियोगिताको सुखद् अन्त्य गरेको छ । नेपालको दुई खेलबाट तीन अंक भएको छ भने भारत शून्य अंकमा पुछारमा रह्यो । इरानले यसअघि नै दुवै खेल जितेर उपाधि चुमिसकेको छ ।

# तरुण गोल्डकपमा कुम्मायक विजयी



पाँचथर – तरुण गोल्डकपको आठौं संस्करण सुरु भएको छ । पाँचथरको सदरमुकाम फिदिममा सोमबारदेखि सुरु भएको पहिलो दिनको खेलमा कुम्मायक विजयी भएको छ ।

फिदिम माध्यमिक विद्यालयको खेल मैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा फालेलुङ गाउँपालिकालाई सडेन डेथमा हराउँदै कुम्मायक विजयी भएको हो ।

खेलमा मध्यान्तरपूर्व कुम्मायकविरुद्ध २ गोल गरेर अग्रस्थानमा रहेको फाल्गुनन्द मध्यान्तरपछि कुम्मायकले जवाफी गोल फर्काएसँगै बराबरीमा रोकिएको थियो । त्यसपछि थपिएको समयमा पनि दुवै टिमले गोल गर्न नसकेपछि खेले सडेन डेथबाट कुम्मायकले खेललाई आफ्नो पक्षमा पारेको हो । यस्तै दोस्रो खेलमा प्रतिस्पर्धी याङ्वरक गाउँपालिका अनुपस्थित भएपछि फाल्गुनन्द गाउँपालिकालाई वाकओभर दिइएको थियो ।

प्रतियोगितामा मंगलबार हिलिहाङ र तुम्वेवा एवं फिदिम नगरपालिका र मिक्लाजुङ गाउँपालिकाबीच प्रतिस्पर्धा हुने छ ।

प्रतियोगितामा पाँचथरको एक नगरपालिका र ७ गाउँपालिका गरी ८ टिम सहभागी छन । प्रतियोगिताको फाइनल कात्तिक १३ मा हुने आयोजक नेपाल तरुण दल पाँचथरले जनाएको छ ।


प्रतियोगिताको विजेताले १ लाख १ सय ७३ रुपैयाँ र उपविजेताले ५० हजार १ सय ७३ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाण-पत्र पाउनेछन । प्रतियोगिता नेपाल तरुण दलको ७३ औं स्थापना दिवसका अवसरमा आयोजना गरिएको हो । प्रतियोगिताको उद्घाटन संविधानसभा सदस्य भीष्मराज आङदेम्वेले गरेका थिए ।

# ओखलढुंगाको सेप्ली झरनातर्फको झोलुङ्गे पुल मर्मत नहुँदा पर्यटकलाई सास्ती

ओखलढुंगा- ओखलढुंगाको मोलुङ गाउँपालिका-८ स्थित सेप्ली झरना जाने झोलुङ्गे पुल मर्मत नहुँदा पर्यटक र स्थानीयवासीले सास्ती भोगिरहेका छन् ।

तीन महिनाअघि माथिबाट खसेको ढुङ्गाले पुलको बीच भागमा क्षति पुऱ्याएपछि आवागमन जोखिमपूर्ण बनेको हो । चाडपर्वको समयमा सेप्ली झरना हेर्न आउने आन्तरिक तथा बाह्य पर्यटकका साथै सर्वसाधारणलाई समेत पुल पार गर्न कठिनाइ भएको छ ।

गत वर्ष पर्यटकीय पूर्वाधार विकास योजनाअन्तर्गत झरना नजिक पुग्नका लागि निर्माण गरिएको उक्त पुल यसै वर्ष क्षति भएपछि प्रयोगमा चुनौती आएको हो । स्थानीय दीपक राईका अनुसार, "बालबालिका र वृद्धवृद्धाले पुल पार गर्न निकै जोखिम मोलेर हिँड्नुपरेको छ, तत्काल मर्मत आवश्यक छ ।"



स्थानीय आशा राईले पुल क्षतिग्रस्त भएपछि सेप्ली झरना भ्रमण गर्ने पर्यटकको संख्या घटेको बताइन् । उनका अनुसार, "सडक स्तरोन्नति नहुँदा सवारीमा झरना पुग्न पनि कठिन भएको छ, त्यसैले धेरैजसो पर्यटक फर्किन्छन् ।"

यसैबीच मोलुङ-८ का वडाध्यक्ष सुधीर राईले वर्षायाममा सडक अवरुद्ध हुँदा पुल मर्मतका लागि आवश्यक सामग्री पुग्न नसकेको बताए । "सडक सञ्चालन भएलगत्तै मर्मत कार्य सुरु गरिनेछ, " उनले जानकारी दिए । सुन्दर र आकर्षक सेप्ली झरना ओखलढुंगाको प्रमुख आन्तरिक पर्यटकीय स्थल हो । पोकली र रातमाटेजस्ता अन्य झरनासँगै सेप्ली पनि जिल्लाको पर्यटन पहिचान बनेको भए पनि आवश्यक पूर्वाधार र प्रचारप्रसारको अभावले यो गन्तव्य ओझेलमा परेको स्थानीयको भनाइ छ ।

# मौसमको जानकारी लिएर मात्र पदयात्रामा जान आग्रह

काठमाडौं- सरकारले हिमाली तथा उच्च पहाडी क्षेत्रको यात्रामा निस्कनुअघि जल तथा मौसम विज्ञान विभागबाट जारी हुने मौसम पूर्वानुमानको बारेमा आवश्यक जानकारी लिन आग्रह गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पदयात्रामा जानुपूर्व पूर्वसूचना एवं 'अलर्ट'बारे जानकारी लिन, लेक लाग्ने जोखिमबारे जानकारी प्राप्त गर्न आग्रह गरेको हो । यस्तै, पदयात्राका लागि आवश्यक पूर्वतयारी गर्न एवं लेक लागिहालेमा यात्रा रोकी तलतिर झरेर उपचार प्रक्रियामा लाग्न एवं एक्लै यात्रामा ननिस्कनसमेत अनुरोध गरेको छ । पछिल्ला दुई दिन अर्थात् यही कात्तिक ८ र ९ गते लेक लागेर मनाङ र कास्कीमा गरी चार जनाको ज्यान गएको छ भने एक जना स्पेनी नागरिकलाई उपचारका लागि काठमाडौं ल्याइएको छ ।

लेक लागेर जीवन गुमाएकाप्रति प्राधिकरणले गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ ।

साथै, मृतकका परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै लेक लागेर बिरामी परेका व्यक्तिको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको प्राधिकरणका प्रवक्ता शान्ति महतले जारी गर्नंभएको विज्ञप्तिमा उल्लेख छ ।

जल तथा मौसम विज्ञान विभागबाट जारी मौसम पूर्वानुमानअनुसार यही कात्तिक १० र ११ गते केही प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्कादेखि मध्यम वर्षा र हिमपातको सम्भावना रहेको छ ।

बङ्गालको खाडी र अरब सागरमा बनेको दुई वटा न्यून चापीय प्रणालीले आगामी मङ्गलबारदेखि शुक्रबारसम्म नेपालमा वर्षा र हिमपात गराउने सम्भावना रहेको सन्दर्भमा जल तथा मौसम विज्ञान विभागबाट सोसम्बन्धी सूक्ष्म विश्लेषण भइरहेको र छिट्टै पूर्वानुमान जारी हुने जानकारीसमेत प्राप्त भएको प्राधिकरणले जनाएको छ ।

# आन्दोलन स्थगित गर्दै दुर्गा प्रसाईं वार्ताका लागि तयार

काठमाडौं- विवादित व्यवसायी दुर्गा प्रसाईंले आगामी कात्तिक १५ गतेदेखि सुरु गर्ने घोषणा गरेको आन्दोलन स्थगित गरेका छन् । आइतबार काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारी (सीडीओ) तथा सुरक्षा निकायका अधिकारीहरूसँगको छलफलमा उनले तत्कालका लागि कुनै आन्दोलन नहुने बताएका हुन् ।



ललितपुरका सीडीओ सुमन घिमिरेका अनुसार, छलफलका क्रममा प्रसाईंलाई कात्तिक १५ गतेबाट सुरु हुने भनिएको आन्दोलनको आधिकारिकता र उद्देश्यबारे सोधिएको थियो । "उहाँले अहिले कुनै आन्दोलन छैन भनेर स्पष्ट पार्नंभयो, " सीडीओ घिमिरेले बताए ।

प्रसाईंले सरकारसँग वार्ताका लागि आफू तयार रहेको जानकारी पनि दिएका छन् । उनका अनुसार, "शान्ति र समाधानका लागि सरकारसँग संवाद नै अबको बाटो हो ।"

भक्तपुरका सीडीओ नमराज घिमिरेले पनि प्रसाईंले तत्काल आन्दोलन नगर्ने र मंसिरपछि मात्र त्यसबारे निर्णय गर्ने बताएका पुष्टि गरे । उनले भने, "उहाँले राजनीतिक र भावनात्मक विषयहरू उठाउनुभयो, तर हामीले वार्ता र संवादबाटै समाधान खोज्न सुझाव दियौं ।"

यसैबीच, प्रसाईंले आइतबारकै छलफलमा प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याललाई पत्र पठाएका छन् । पत्रमार्फत उनले आफ्ना मागबारे औपचारिक ज्ञापनपत्र बुझाउन समय मिलाइदिन अनुरोध गरेका छन् ।

काठमाडौंका सीडीओ ईश्वरराज पौडेलले उक्त पत्र आजै साँझ गृहमन्त्रीसमक्ष बुझाइएको जानकारी दिए । उनले भने, "प्रसाईंले हाल कुनै आन्दोलनको तयारी छैन भनेका छन्, तर वार्ताले निष्कर्ष नदिए आन्दोलन गर्ने चेतावनी पनि दिएका छन् ।"

सुरक्षा अधिकारीहरूले हाल कुनै पनि प्रकारको प्रदर्शन वा आन्दोलन नगर्न निर्देशन दिएका छन् । प्रसाईं समूहका गतिविधिलाई निगरानीमा राख्दै, सरकारले संवादमार्फत समाधान खोज्ने तयारी गरेको जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १४,
२०८२ साल कार्तिक ११ गते मंगलबार
28 OCTOBER 2025, TUESDAY

# प्राकृतिक स्रोतबाट एक वर्षमा उठ्छ ६ अर्ब बढी रोयल्टी, विद्युत् योगदान धेरै

काठमाडौं- नेपालमा प्राकृतिक स्रोतबाट एक वर्षमा ६ अर्ब रुपैयाँभन्दा बढी बराबर रोयल्टी संकलन भएको पाइएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल रोयल्टी ६ अर्ब ३० करोड ४५ लाख रुपैयाँमाथि उठेको हो ।



यसमा सबैभन्दा बढी योगदान विद्युतले गरेको छ । विद्युतबाट ५४.६३ प्रतिशत रोयल्टी उठेको छ । वनबाट २२.६० प्रतिशत रोयल्टी उठ्ने गरेको पाइएको छ ।

जसमध्ये संरक्षित क्षेत्रबाट १०.७७ प्रतिशत र राष्ट्रिय वनबाट ११.८३ प्रतिशत रोयल्टी उठ्ने गरेको छ । पर्वतारोहणबाट १२.२२ प्रतिशत र खानी तथा खनिजबाट १०.५५ प्रतिशत रोयल्टी संकलन भएको आयोगको तथ्यांक छ ।

नेपालमा पर्वतारोहण, विद्युत्, वन र खानी तथा खनिजबाट प्राप्त रोयल्टी संघीय विभाज्य कोषमा जम्मा गरी बाँडफाँट हुँदै आएको छ । आयोगले सिफारिस गरे पनि दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी भने यस्तो कोषमा जम्मा नभएको आयोगले जनाएको छ ।

गत आव प्राकृतिक स्रोतको रोयल्टी सबैभन्दा धेरै बागमती प्रदेशले ५६ करोड ८३ लाख ६९ हजार र सबैभन्दा कम कर्णाली प्रदेश सरकारले २ करोड ४९ लाख ९१ हजार प्राप्त गरेको देखिन्छ ।

प्रदेश सरकारले प्राकृतिक स्रोतबाट प्राप्त गरेको स्रोतगत रोयल्टी विश्लेषण गर्दा भने सबैभन्दा बढी कोशी प्रदेशले पर्वतारोहणबाट ४७.२९ प्रतिशत पाएको छ ।

मधेश प्रदेशले वनबाट शतप्रतिशत रोयल्टी पाएको देखिन्छ । बागमती र गण्डकीले विद्युतबाट ७१.०२ र ८२.७८ प्रतिशत रोयल्टी पाएका छन् ।

त्यस्तै लुम्बिनीले खानी र खनिजबाट ५१.८१ प्रतिशत रोयल्टी पाएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशले वन क्षेत्रबाट क्रमशः ९४.१७ प्रतिशत र ५१.३३ प्रतिशत रोयल्टीको हिस्सा पाएका छन् ।

गत आव स्थानीय सरकारबीच बाँडफाँट भएको रोयल्टी विश्लेषण गर्दा पर्वतारोहणको रोयल्टी १ सय ८ स्थानीय तहमा पुगेको छ । विद्युत् रोयल्टी १ सय ४८ स्थानीय तहले पाएका छन् ।

वनको रोयल्टी ७ सय ४६ स्थानीय तहमा पुगेको छ । खानी र खनिजको रोयल्टी ४८ स्थानीय तहसम्म पुगेको छ । कुनै पनि शीर्षकबाट रोयल्टी नपाउने स्थानीय तहको संख्या ५ छ ।

# दोदा नदीमा निर्माणाधीन पुलको काम ९० प्रतिशत पूरा



कञ्चनपुर- कञ्चनपुरको दोदा नदीमा निर्माणाधीन पुलको काम ९० प्रतिशत कार्य पूरा भएको छ ।

सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी हरिशप्रसाद जोशीका अनुसार आगामी पुष मसान्तभित्र सम्पन्न गर्ने गरी पुल निर्माणको काम भइरहेको छ ।

हालसम्म पुलको 'सुपरस्ट्रक्चर'को कार्य पूरा भएको छ । अब दुवै छेउतर्फ पर्खाल निर्माण र माटो भरानको काम भइरहेको उनले जानकारी दिए ।

पुल निर्माणको कुल लागत अनुमान रु २४ करोड ७३ लाख ८० हजार रहेकामा लुम्बिनी-राजेन्द्र-कुमार-श्रेष्ठ जेभीसँग रू २४ करोड तीन लाख ९२ हजारमा ठेक्का सम्झौता भएको छ । विसं २०७२ पुस २६ गते तीन वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भए पनि व्यवसायीको ढिलासुस्तीका कारण समयमै सम्पन्न हुन सकेको छैन ।

पस मसान्तमा काम सम्पन्न गर्ने गरी म्याद थपिएको र चालु आआर्थिक वर्षमा पुल निर्माणका लागि रु ४० लाख मात्रै विनियोजन भएकाले समस्या हुने हो कि भन्ने चिन्ता रहेको जोशीले सुनाए । पलको काम सम्पन्न गर्न अझै रु चार करोड आवश्यक पर्ने उनले बताए ।

यहाँ पुल नहुँदा स्थानीयले जोखिम मोलेर नदी वारपार गर्दै आएका छन् । पुल निर्माण भए लाझाडी, शुक्लाफाँटा र कृष्णपुरका बासिन्दाको आवागमनमा सहज हुने स्थानीय बच्चन रानाले बताए ।

# निर्वाचन भाड्ने र फेरि आन्दोलनमा जाने काम नगर्नुहोस् : स्वास्थ्यमन्त्री गौतम

काठमाडौं- नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले निर्वाचन भाँड्ने प्रयास नगर्न सबै राजनीतिक दलहरूलाई आग्रह गरेकी छिन् ।
सोमबार काठमाडौँको ट्रमा सेन्टर र शिक्षण अस्पतालमा उपचाररत 'जेन-जी आन्दोलन' का घाइतेहरूसँगको भेटपछि उनले सो आग्रह गरेकी हुन् ।

शिक्षण अस्पताल महाराजगन्जमा एक जना घाइतेको गम्भीर अवस्था देखेपछि आँखाभरि आँसु झार्दै उनले अब निर्वाचन भाँड्ने नाममा आन्दोलन नगर्न सबै शक्ति र व्यक्तिहरूको ध्यानाकर्षण गराएकी हुन् ।

मन्त्री गौतमले सरकारले निर्वाचनमा ध्यान केन्द्रित गरिएकाले त्यसको विरोध गरिरहन आवश्यक नभएको जिकिर पनि गरिन् । उनले घाइते बिरामीहरूले आफूलाई अस्पतालका कुरीति र बेथितिबारे ध्यानाकर्षण गराएको उल्लेख गर्दै उनीहरूले दिएको सुझावका आधारमा अस्पतालहरूको सुधारमा लाग्ने प्रतिबद्धता व्यक्त गरिन् ।

मन्त्री गौतमले भनिन्,'बिरामीहरूको अवस्था हेर्दा मलाई धेरै गाह्रो भयो । म चाहन्छु, मुलुक फेरि आन्दोलनमा नजाओस् । जसले सरकारको विरोध गर्छन् वा चुनाव भाँड्न खोज्छन्, त्यस्तो नगर्नुहोस् भनेर म सबैलाई अनुरोध गर्न चाहन्छु । हाम्रो जनआन्दोलनको मर्म भनेको यही हो– यी कुरीति र बेथिति हटून् भन्ने । त्यसका लागि आएका सकारात्मक सुझाव ग्रहण गर्दै हामी सबैले त्यही दिशामा काम गर्नुपर्छ । मैले गरेका काम कति र के भए भन्ने कुरा पारदर्शी रूपमा जनतासामु देखाउनेछु ।'



मन्त्री गौतमले यसअघि बिहानै काठमाडौँको सिनामंगलस्थित केएमसी अस्पतालमा रहेका 'जेन-जी आन्दोलन' का घाइतेहरूको अवस्थाबारे पनि जानकारी लिएकी थिइन् । त्यस क्रममा उनले अस्पतालले उनीहरूको उपचारमा कुनै कमी नगरेको आफूले पाएको बताइन् ।

## अन्तराष्ट्रिय

# दक्षिण चीन सागरमा अमेरिकी नौसेनाको हेलिकप्टर र लडाकू विमान दुर्घटना

काठमाडौं- अमेरिकी नौसेनाको हेलिकप्टर र फाइटर जेट (लडाकू विमान) दक्षिण चीन सागरमा दुर्घटनामा परेका छन् । नियमित अभियानका क्रममा आधा घण्टाको फरकमा हेलिकप्टर र लडाकू विमान दुर्घटनामा परेका हुन् ।

चालक दलका सबै सदस्यलाई सुरक्षित उद्धार गरिएको बताइएको छ । दुर्घटनाको कारणबारे अनुसन्धान सुरु गरेको अमेरिकी नौसेनाले बताएको छ । चीनसँगको रणनीतिक जलक्षेत्रमा दुर्घटना भएकाले शंकास्पद मानिएको छ । अमेरिकी नौसेनाले सामाजिक सञ्जालमा एक पोस्ट लेख्दै एक एमएच-६० आर सीहक हेलिकप्टर स्थानीय समयअनुसार आइतबार दिउँसो करिब २ बजेर ४५ मिनेटमा दुर्घटनामा परेको बताएको छ । तत्काल उद्धार



टोलीले उक्त हेलिकप्टरमा सवार चालक दलका तीन सदस्यलाई सुरक्षित उद्धार गरेको थियो ।

लगत्तै त्यसको आधा घण्टापछि एफ/ए-१८एफ सुपर हर्नेट फाइटर विमान पनि दुर्घटनाग्रस्त भएको थियो । यसमा सवार दुई जना चालकदलका सदस्यलाई पनि तत्कालै सुरक्षित उद्धार गरिएको अमेरिकी नौसेनालाई उदृत गर्दै सीएनएनले उल्लेख गरेको छ ।

चीन र अन्य दक्षिण पूर्वी एसियाली देशहरुद्वारा घेरिएको दक्षिण चीन सागरको केही क्षेत्रमा कैयौं सरकारहरु आफ्नो दाबी गर्दै आएका छन् ।

# लुभ्र संग्रहालयको चोरीमा संलग्न भएको आरोपमा दुई जना पक्राउ

काठमाडौं- पेरिसको विश्वप्रसिद्ध लुभ्र संग्रहालयमा भएको चोरीमा संलग्न भएको आरोपमा दुई जना पक्राउ परेका छन् ।

फ्रान्सेली अखबार ले पेरिसियनका अनुसार शनिबार साँझ दुई जना पक्राउ परेका हुन् । प्रहरीलाई उदृत गर्दै ले पेरिसियनले गत १९ अक्टोबरमा भएको चोरीमा संलग्न भएको आरोपमा ३० वर्षीय दुई युवकलाई राजधानी बाहिर सेन सेन्ट-डेनिसबाट पक्राउ गरेको हो ।

फ्रान्सको अर्को सञ्चारमाध्यम पेरिस म्याचका अनुसार, आरोपीहरु विदेश भाग्दै गर्दा एयरपोर्टबाट पक्राउ परेका हुन् । पक्राउ परेका एक पुरुष अल्जेरिया जाने तयारीमा थिए भने अर्का व्यक्ति माली जाने तयारीमा थिए । उनीहरु स्थानीय समय अनुसार शनिबार राति करिब १० बजे पेरिस, चार्ल्स डे गाउल एयरपोर्टबाट पक्राउ परेका हुन् । विश्वकै सुरक्षित मानिने यो संग्राहलय चोरीमा चार जना संलग्न रहेको प्रारम्भिक अनुमान छ । चोरीमा संलग्नहरूको अनुसन्धानका लागि शनिबार मात्रै १ सय ५० भन्दा बढी डीएनए र'फिंगरप्रिन्ट'(औंठाछाप)को नमुना संकलन गरिएको थियो ।

गत अक्टोबर १९ मा नेपोलियन तृतीयकी पत्नी युजेनी डे मोन्टिजोका लागि सन् १८५५ मा बनाइएका बहुमूल्य रत्नहरूले जडित युजेनी क्राउन (टियारा), एक हार र एउटा ब्रोचसहित नौ बहुमूल्य रत्नहरू चोरी भएको थियो । साम्राज्ञी युजेनीको मुकुट २ सय १२ मोती र करिब २ हजार हीराले जडित थियो । यस गहनाको सेटलाई अत्यन्तै बहुमूल्य मानिन्छ । लुभ्र संग्रहालय विश्वको सबैभन्दा धेरै भ्रमण गरिएको संग्रहालय हो । यसमा मोनालिसा, भेनस डे मिलो जस्ता बहुमूल्य कलाकृतिहरूसहित करिब ३८०, ००० ऐतिहासिक वस्तुहरू संग्रहित छन् ।

**स्वर्गजस्तो देश...**

समेत गर्दै आएको क्षेत्र हो । खोला, नदी खोल्साहरुमा कलकलाउदा सफा पानी बगेको हुन्छ । वन जंङगलहरुमा कालिज, तित्रा, हरिण, डाँफे, मुनाल बिभिन्न प्रजातिका पंछीहरु यहि देशमा रमाउदै कुदीरहेका हेर्दा आनान्दको महसुस हुन्छ । त्यसैगरी फागुन लागेपछि त नेपालका हरेक क्षेत्रमा लालुपाते, लाँली गुराँश, चिमल फुलेर देशै उज्यालो हुन थाल्छ । नेपालको राष्ट्रिय निकुञ्जहरुमा कतै नाउर, कतै गैडा, कतै सालक, कतै रेड पाण्डा पाईन्छ । जुन विश्वका दुर्लभ वन्य जन्तुहरु हुन् । यि यस्ता प्राकृतिक रुपमा आनान्द लिदै नेपाल घुम्न पाउने विश्वका मेहनती मानिसहरुले ११ महिनामा कमाएको पैशा केही खर्च गर्न घुम्ने योजना बनाएका हुन्छन् । त्यो उनिहरुको घुमेर खर्च गर्न चाहने पैशालाई नेपालको प्राकृतिक आनान्दा लिदै खर्च गर्नसक्ने आकर्षक पर्यतकीय कार्यक्रम नेपालले अगाडी सारेर विश्वकै उत्कृष्ट पर्यटकीय देश बनाउन सक्छौ ।

यसरी नेपालमा घुम्न आएका पर्यटकहरुको लागि नेपाल सरकारले भौतिक संरचनाको लागि आकर्षण कार्यक्रम, पर्यटकको लागि सुरक्षाको वातावरण मौलिक सस्कृतिको विकास-विस्तार जस्ता कार्यक्रम गरी विश्वका पर्यटन गर्ने मानिसहरुलाई नेपाल नघुमी मर्‍यो भने स्वर्ग पनि पुगिदैन भन्ने विश्वासको वातावरण बनाउन सक्यौ भने आर्थिक रुपमा नेपाल देश सम्पन्न बनाउन सक्छौ ।

विश्वका नेपाल घुम्ने पर्यटकहरुले स्वर्ग घुमेको अनुभूति गर्नेछन् । यो काम हाम्रो नेपालले गर्नुपर्ने देखिन्छ ।

**शान्ति मिसन...**

५३८ महिला सैनिकसहित ५ हजार ८२० सैनिक तैनाथ छन् । मिसनमा खटिएका मध्ये अहिलेसम्म ७४ सैनिकको मृत्यु भइसकेको छ भने ७५ जना घाइते भएका छन् ।

नेपाली सेना शान्ति स्थापना कार्यको लागि सैनिक खटाउने राष्ट्रहरुको सूचिमा पहिलो स्थानमा रहेको छ । महिला सैनिक सहाभागितामा पनि नेपाली सेना अग्र स्थानमा आउँछ ।

# ‘वरिष्ठ बलराम’ले ५ दिनमा २ करोड कमाएको निर्माताको दाबी

काठमाडौं- भाइटीकाको दिनदेखि प्रदर्शनमा आएको फिल्म ‘वरिष्ठ बलराम’को ५ दिनको व्यापारिक आँकडा निर्माताले सार्वजनिक गरेका छन् । मंगलबार सार्वजनिक एक पोस्टरमा फिल्मको व्यापार २ करोड उल्लेख छ । तर, सरकारी निकाय चलचित्र विकास बोर्डले हालसम्म यो फिल्मको बक्स अफिस रिपोर्ट सार्वजनिक नगरेकाले यसको आधिकारिक तथ्यांक भने पुष्टि हुन बाँकी छ ।




फिल्मका निर्माता तथा वितरक आशिष एच. तामाङले ५ दिनको व्यापारबाट आफू सन्तुष्ट रहेको बताए । तिहार र छठको विदा सकिएपछि पनि फिल्मको अकुपेन्सी देशभर उत्साहजनक रहेको र कथावस्तुका कारण हलमा पारिवारिक दर्शकको चाप बढ्न थालेको उनको भनाइ छ । उनका अनुसार फिल्मको अकुपेन्सी राम्रो हुँदा केही हलले शो पनि बढाएका छन् ।

‘वरिष्ठ बलराम’का मुख्य पात्र दयाहाङ राई र विजय बरालको स्क्रिन केमेस्ट्रीलाई दर्शकले विशेष मन पराएका छन् । फिल्मको कथा, संवाद, र गीत (न्याउली वनैमा) पनि उतिक्कै रुचाइएको छ । फिल्म हेर्ने प्रायःले यसमा मनोरञ्जनसँगै सामाजिक सन्देश रहेको प्रतिक्रिया दिएका छन् । कतिपयले ‘माटो सुहाउँदो कथा’ भन्दै फिल्मको प्रशंसा गरेका छन् ।

सुरेन्द्र पौडेलको निर्देशनमा बनेको यो फिल्ममा दयाहाङ र विजयसहित समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, प्रदीप कुमार चौधरी लगायतको अभिनय रहेको छ । यसमा निर्देशक पौडेल स्वयंको कथा तथा सम्पादन छ भने महेश दवाडीले पटकथा र संवाद तयार पारेका हुन् । फिल्मले दुई पात्रबीचको अस्तित्वको संघर्षलाई मुख्य कथावस्तु बनाएको छ ।

# फिल्म ‘हिमालयन गोल्ड’ निर्माण हुने

काठमाडौं- धिराज राजवंशीको लेखन तथा निर्देशनमा फिल्म ‘हिमालयन गोल्ड’ बन्ने भएको छ । मंगलबार काठमाडौंको कमलादीस्थित गणेश मन्दिरमा शुभमुहूर्त गर्दै फिल्म निर्माणको घोषणा गरियो । आगामी नोभेम्बर (मंसिर)देखि छायांकन सुरू हुने यो फिल्म हिमाली क्षेत्रको कथामा बन्न लागेको हो । छायाँलय फिल्म्स र ह्वाइट एलिफन्ट मोशन पिक्चरको सहकार्यमा निर्माण हुने फिल्ममा कर्मा, सुनील थापा, मेनुका प्रधान, परिक्षा लिम्बू, साजन थापा मगर, अङ्कित खड्का, सुनील तामाङ, तेन्जिङ ठाकुरी, सबिता अधिकारी, ऋषिकेश बस्याल लगायतको अभिनय रहनेछ । फिल्मले जीवन संघर्ष, साहस र आशाको कथा प्रस्तुत गर्ने जनाइएको छ । सन् १९९२ को पृष्ठभूमिमा तयार हुने फिल्ममा गाउँकी



एक युवतीले यार्सागुम्बा संकलनका लागि हिमाल चढ्ने क्रममा निर्दयी लुटेरा समूहसँग सामना गर्नुपरेको कथा समेटिएको निर्देशक राजवंशीले बताए । उनका अनुसार फिल्ममा हिमालय क्षेत्रलाई केवल दृश्यका लागि मात्र नभई एक जीवित पात्रका रूपमा चित्रण गरिनेछ । यो फिल्मलाई नेपाली मुलका भारतीय छायाँकार वशिष्ठ प्रधानले खिच्नेछन् । उनीसँग ‘कलंक’, ‘लस्ट स्टोरीज २’, ‘सस्पेक्ट’, ‘अद्भुत’ जस्ता फिल्ममा सहायक छायाँकारको रूपमा काम गरेको अनुभव छ ।

# दशैं र तिहारका फिल्मको व्यापार : टपमा ‘जेरी’




काठमाडौं- यो वर्षको दशैं र तिहारमा फिल्म रिलिजको चाप उच्च रह्यो । यी दुई पर्वलाई लक्षित गर्दै १५ दिनको अन्तरालमा सातवटा फिल्म प्रदर्शनमा आए । दशैंमा ‘बलिदान’, ‘माइतीघर’ र ‘हरिबहादुरको जुत्ता’बीच प्रतिस्पर्धा हुँदा तिहारमा ‘जेरी अन टप’, ‘वरिष्ठ बलराम’, ‘सोल्टिनी’, र ‘मैझारो’ प्रदर्शन भए । तर, यी सात फिल्ममध्ये ‘जेरी अन टप’ले मात्र बक्स अफिसमा बलियो उपस्थिति जनाएको छ ।

दशैंका तीन फिल्मले गत शनिबारसम्म लगभग १४ करोड कमाएका छन् । त्यसमा ‘बलिदान’को ५ करोड ७ लाख, ‘हरिबहादुरको जुत्ता’को ४ करोड ७० लाख र ‘माइतीघर’को ४ करोड ११ लाख छ । चर्चाको हिसाबले यी फिल्मको व्यापार अपेक्षाभन्दा धेरै कम हो । यसपालि दशैंमा २५-३० करोड व्यापार हुनसक्ने अनुमान गरिएको थियो । तर, दशैंका फिल्मले लागत पनि उठाउन सकेनन् । बरू ‘जेरी अन टप’ तेस्रो साताको संघारमा आइपुग्दा सुपरहिटको बाटोमा देखिएको छ । गत शनिबारसम्म ६ करोड ५१ लाख कमाइ गरेको यो फिल्मले सोमबार ८ करोडको आँकडा नघाएको छ । फिल्मको व्यापारिक रफ्तार अझै आक्रामक रहेकाले ‘जारी २’ रिलिज अघिसम्म १२ करोडको आँकडा नाघ्न सक्ने देखिन्छ । फिल्मको विश्वव्यापी कमाइ भने १४ करोड पुगिसकेको बताइन्छ । ‘जेरी अन टप’ले बक्स अफिसमा आँधी ल्याउँदा तिहारको अवसरमा रिलिज भएका ‘वरिष्ठ बलराम’, ‘सोल्टिनी’ र ‘मैझारो’ ओझेलमा परेका छन् । यी तीन फिल्मले अपेक्षित व्यापार गर्न सकेका छैनन् । जसले गर्दा दशैं र तिहारमा रिलिज भएका फिल्महरूमध्ये ‘जेरी अन टप’ नै व्यापारमा ‘टप’ बनेको छ । यसले लामो समयदेखि कमजोर बनेको लभस्टोरी विधालाई पनि पुनर्जीवित गरेको छ ।

# ‘परिवर्तन’को टिजरमा सुशीलको एक्सन अवतार

काठमाडौं- आगामी माघ ९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म ‘परिवर्तन’को टिजर सार्वजनिक गरिएको छ । छठ पर्वको अवसर पारेर सोमबार युट्युबमार्फत सार्वजनिक टिजरले फिल्मको कथा र पात्रको संघर्षको झलक प्रस्तुत गरेको छ । अन्यायको विरुद्ध लड्ने पात्रको संघर्षलाई केन्द्रमा राखिएको टिजरमा अभिनेता सुशील श्रेष्ठ एक्सन अवतारमा प्रस्तुत छन् ।




टिजरमा सुशीलसहित करिश्मा मानन्धर, अञ्जना बराइली, हेमन्त बुढाथोकी, सिरू विष्ट लगायतका कलाकारहरूलाई पनि देख्न सकिन्छ । करिश्मा विद्रोही महिलाको रूपमा देखिएकी छन् भने अञ्जना इन्स्पेक्टर (प्रहरी निरीक्षक)को भूमिकामा छिन् । टिजर हेर्दा फिल्मले नेपाल-भारत सीमा क्षेत्रमा नेपालीमाथि भइरहेको अन्याय र अत्याचारलाई मुख्य विषय बनाएको देखिन्छ । विजय केरुङको निर्देशनमा बनेको यो फिल्ममा सरोज खनाल, सुवास मेचे, बुद्धि तामाङ, पुकार भट्टराई, यामनाथ खरेल, गौतम तिवारी, शंकर श्रेष्ठ, आशा पौडेल लगायतको पनि अभिनय रहेको छ । फिल्मलाई दीपक सिवाकोटीले निर्माण गरेका हुन् । यसमा उनी स्वयंको कथा छ भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन् ।

‘शिवाजीः द बोस’, ‘नानाकु प्रेमथो’ जस्ता चर्चित भारतीय फिल्ममा साउन्ड डिपार्टमेन्टमा काम गरेकी गीता गुरप्पा ‘परिवर्तन’मा साउन्ड डिजाइनरको रूपमा छिन् । यसमा शिव ढकालको डिओपी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, बन्दे प्रसादको सम्पादन तथा एसडी योगीको संगीत रहेको छ । फिल्मले युवाको विद्रोही सोच, देशप्रतिको जिम्मेवारी र सुधारको चाहनालाई प्रस्तुत गर्ने जनाइएको छ ।

# हर्षवर्धनको ‘स्टार पावर’ : ६ दिनमै ‘एक दीवाने की दीवानियत’ हिट

काठमाडौं- फिल्म ‘सनम तेरी कसम’बाट चर्चामा आएका अभिनेता हर्षवर्धन राणेको नयाँ लभस्टोरी फिल्म ‘एक दीवाने की दीवानियत’ले यतिबेला भारतीय बक्स अफिसमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ । दीपावलीको अवसर पारेर २१ अक्टोबरबाट प्रदर्शनमा आएको यो फिल्मले ६ दिनमा नै लगानी सुरक्षित गरेर यस वर्षको हिट सूचीमा आफ्नो स्थान पक्का गरेको छ ।



१० करोडको सानदार ओपनिङ गरेको यस फिल्मले ६ दिनमा ४१ करोड नेट कमाइ गरेको ट्रेड ट्र्याकिङ अनलाइन स्याक्निल्कले जनाएको छ । जबकि, फिल्मको लागत भारू २५ करोड हो । फिल्मले तेस्रो दिनमा नै लागत बराबरको कमाइ गरेको थियो । सोमबार भारतमा छठ पर्वको विदा रहेकाले फिल्मको एक साताको व्यापार ५० करोड पुग्ने प्रक्षेपण गरिएको छ ।

ठूलो बजेट र बलियो स्टारकास्ट रहेको हरर-थ्रिलर फिल्म ‘थामा’को बक्स अफिसमा आक्रामक प्रदर्शनका बाबजुद ‘एक दीवाने की दीवानियत’ले गरेको कमाइलाई उत्कृष्ट मानिएको छ । यो फिल्मको सफलताको मुख्य आधार हर्षवर्धन राणेको क्रेज र गीतको लोकप्रियता रहेको समीक्षकहरूको विश्लेषण छ । विशाल मिश्राले गाएको फिल्मको ‘दीवानियत’ गीत यतिबेला चर्चामा छ ।

मिलप झवेरीको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा हर्षवर्धनले विक्रमादित्य भोन्सलेको भूमिका निभाएका छन् भने उनको जोडी सोनम बाजवासँग बाँधिएको छ । उनीहरूबीचको प्रेममा आउने उतारचढावमा आधारित यस फिल्ममा शाद रन्धावा, सचिन खेडेकर, अनन्त महादेवन, राजेश खेडा लगायतको पनि अभिनय रहेको छ ।

# ‘जारी २’को ट्रेलरमा पारिवारिक विग्रहको कथा

काठमाडौं- उपेन्द्र सुब्बाको लेखन तथा निर्देशनमा बनेको फिल्म ‘जारी २’को ट्रेलर सार्वजनिक गरिएको छ । छठ पर्वको अवसरमा सोमबार सार्वजनिक झन्डै चार मिनेट लामो ट्रेलरले श्रीमान्-श्रीमतीको झगडाले निम्त्याउने पारिवारिक जटिलतालाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । ट्रेलरमा लिम्बू समुदायको सांस्कृतिक पहिचान च्याब्रुङको महत्वलाई पनि केन्द्रमा राखिएको छ । फिल्ममा दयाहाङ राई र मिरुना मगर श्रीमान्-श्रीमतीको भूमिकामा छन् । ट्रेलरको सुरूमा उनीहरूको सम्बन्ध प्रेमपूर्ण देखिनुका साथै पारिवारिक सन्तुलन राम्रो देखिन्छ । तर, क्रमशः झगडा र मनमुटाव बढ्दै जाँदा पारिवारिक विग्रह उत्पन्न हुन्छ । फिल्मले विवाहिक जीवनका चुनौतीलाई मुख्य कथावस्तुको रूपमा प्रस्तुत गरेको संकेत ट्रेलरले दिएको छ । ‘सङ अफ च्याब्रुङ’ उपशीर्षक राखिएको यो फिल्ममा दयाहाङ र मिरुनासहित विजय बराल, बुद्धि तामाङ, ऋचा शर्मा, पुष्कर गुरुङ, प्रेम



सुब्बा, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बू, सिर्जना निङ्लेखु, मनहाङ लावोटी लगायतले अभिनय गरेका छन् । कात्तिक २१ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्म २०७९ सालमा ब्लकबस्टर बनेको ‘जारी’को सिक्वेल हो । बाँसुरी फिल्म्स र कबड्डी फिल्म्सको संयुक्त ब्यानरमा निर्माण भएको फिल्ममा सञ्जय लामाको छायांकन, निमेष श्रेष्ठको सम्पादन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, कोविद बज्राचार्यको ब्याकग्राउन्ड स्कोर र राजेन्द्र मोक्तानको रंग संयोजन रहेको छ । फिल्मका निर्माताहरू रामबाबु गुरुङ, मधु मिजार र जीवन गुरुङ हुन् । कार्यकारी निर्मातामा सागर राज रहेका छन् ।

# ‘वरिष्ठ बलराम’को ‘न्याउली वनैमा’ गीत : एक महिनामा एक करोड भ्यूज

काठमाडौं- भाइटीकाको दिन (कात्तिक ६ गते) बाट प्रदर्शनमा आएको फिल्म ‘वरिष्ठ बलराम’ले बक्स अफिसमा सुखद् व्यापार गरिरहँदा यसमा समावेश गीत ‘न्याउली वनैमा’ले युट्युबमा ठूलो उपलब्धि हासिल गरेको छ । गत असोज ८ गते रिलिज भएको यो गीतलाई एक महिनामा एक करोडभन्दा बढीले हेरेका छन् । युट्युबमा गीतको यो उपलब्धि टिकटकका कारण सम्भव भएको हो ।

‘न्याउली वनैमा’ गीतमा ठूलो संख्यामा टिकटक भिडियो बनेका छन् । जसले गर्दा दर्शकलाई युट्युबमा खोजी-खोजी गीत हेर्न बाध्य बनायो । तिहारमा देउसी-भैलोमा पनि यही गीत सर्वाधिक घन्किँदा युट्युबमा भ्यूज ह्वात्तै बढेको थियो । तिहारको समयमा मात्र गीतमा ३५ लाख बढी भ्यूज थपियो । तिहारअघि युट्युबमा गीत हेर्नेको संख्या ६५ लाख आसपास थियो ।

‘न्याउली वनैमा’ गीत लोकप्रिय हुँदा फिल्मको व्यापारमा पनि ठूलो फाइदा पुगेको छ । कतिपय दर्शकलाई हलमा फिल्म हेर्न गीतले नै आकर्षित गरेको छ । फिल्मका कलाकारहरू पनि हल-हलमा पुगेर यही गीतमा नृत्य गर्दै दर्शकलाई मनोरञ्जन दिइरहेका छन् । दर्शकमाझ यो गीतको तेस्रो अन्तरा ‘न्याउली वनैमा, हितैको मायालाई राखे मनैमा’ बढी चर्चित छ ।

सुरेन्द्र पौडेलको निर्देशनमा बनेको ‘वरिष्ठ बलराम’मा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङल, भोलाराज सापकोटा, प्रदीप कुमार चौधरी लगायतको अभिनय रहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १४,
२०८२ साल कार्तिक ११ गते मंगलबार
28 OCTOBER 2025, TUESDAY

# दसैं तिहारमा ३५०० भन्दा धेरै गाडी डेलिभरी




काठमाडौं- अटो व्यवसायीले यसपालि दसैं र तिहारमा ग्राहकलाई १४ अर्ब रुपैयाँभन्दा बढीका गाडी बिक्री गरेका छन् ।

बाढी पहिरो र जेनजी आन्दोलनको चपेटामा परेका व्यवसायीले दसैं र तिहारमा १४ अर्ब रुपैयाँ भन्दा बढी मूल्यका गाडी बिक्री गरेका हुन् ।

अटो व्यवसायीका लागि दसैं र तिहार व्यापारको मुख्य सिजन मानिन्छ । यो समयमा उनीहरुले वर्षभरि बिक्री हुने गाडीको करिब ४० प्रतिशत गाडी डेलिभरी गर्ने गरेका छन् । व्यवसायीले दसैं र तिहारमा ३५०० भन्दा धेरै गाडी डेलिभरी गरेका छन् ।

व्यवसायीले दसैं र तिहारलाई लक्षित गरी ग्राहकलाई आकर्षित गर्न छुट र सुविधाका अफर ल्याएका थिए । चाडपर्वलाई लक्षित गर्दै बिक्रेताहरुले भदौमा भएको नाइमा र नाडा अटो शोमा गाडीका धेरै मोडल सार्वजनिक गरेका थिए । अटो शोका बेला बुकिङ भएका गाडी डेलिभरी गर्ने समय पनि दसैं र तिहार नै हो । तर, यो वर्ष बाढी पहिरोले चीनसँगका मुख्य दुई नाका लामो समय बन्द हुँदा र जेनजीको आन्दोलनका कारण मुख्य सिजनमा गाडी बिक्री प्रभावित भएको व्यवसायीले बताएका छन् ।

बाढीले बाटो अवरुद्ध हुँदा व्यवसायीले गाडी ल्याउनै सकस झेल्नुपर्‍यो । असार २३ गते बन्द भएको चीनसँगको मुख्य व्यापारिक नाका रसुवामा पुल निर्माणको काम नसकिएकाले अझै खुलेको छैन ।

सडकमा खसेको पहिरो पन्छाउन भएको ढिलाइले तातोपानी नाका पनि एक महिना भन्दा लामो समय बन्द भयो । जसले गर्दा गाडी आयात नै प्रभावित भएको र त्यसको असर डेलिभरीमा परेको व्यवसायीहरुले बताएका छन् ।

भन्सार विभागको तथ्यांक अनुसार साउनदेखि असोजसम्म इन्धन र विद्युतीय प्यासेन्जर क्यारिङ गाडी करिब ५४०० युनिट आयात भएका छन् ।

नाइमा र नाडा अटो शोमा बुकिङ गरेका ग्राहक जेनजी आन्दोलनले गर्दा अलमलमा परेकामा उनीहरुले दसैंपछि गाडी लिएका छन् ।

दसैं र तिहारमा बीवाइडी गाडी सबैभन्दा धेरै करिब ११०० युनिट डेलिभरी भएको छ । नाइमा र नाडा अटो शोबाट नेपाली बजारमा इन्ट्री गरेका एटो-२ र एटो-१ सबैभन्दा धेरै बिक्री भएको हो ।

बीवाइडीको नेपालका लागि आधिकारिक बिक्रेता साइमेक्स इंकले एटो-२ गाडी ४७५ युनिट डेलिभरी दिएको छ । बीवाइडीको ह्याचब्याक कार एटो-१ पनि ४२० युनिट डेलीभरी भएको कम्पनीले जनाएको छ । बीवाइडीको लक्जरी सेगमेन्टको गाडी सिलायन-७ पनि दसैं र तिहारमा गरी करिब २०० युनिट डेलभरी भएको छ । कम्पनीले एम-६ र डल्फिन गाडी पनि बिक्री गरेको छ । दसैं र तिहारमा टाटाका ५७७ युनिट गाडी डेलिभरी भएको छ । टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङका अनुसार फेस्टिभ सेलमा कम्पनीले एक्सप्रेस टी १९० वटा, पन्च इभी १७७ वटा, टियागो इभी १२० वटा, कर्भ इभी २० वटा, नेक्सन इभी के-३ ५० वटा र इन्धन गाडी २० युनिट डेलभरी दिएको हो ।

यसैगरी डिपल गाडी दसैं तिहारमा २०० युनिटभन्दा धेरै डेलिभरी गरिएको छ । चांगन डिपलको नेपालका लागि आधिकारिक बिक्रेता एमएडब्लू वृद्धि अटोकर्पले डिपलका विभिन्न मोडलका २०० युनिटभन्दा धेरै गाडी डेलिभरी गरेको जनाएको छ । कम्पनीले अहिले डिपलको एस०५ र एस०७ गाडी धेरै बिक्री गरिरहेको छ ।

यस्तै ओमोडा एण्ड जेको ब्रान्डका गाडी करिब ३५० युनिट डेलिभरी भएको छ । ओमोडा एण्ड जेकोको नेपालका लागि आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्सका अनुसार नाइमा मोबिलिटीमा बुकिङ भएका गाडीमध्ये ३५० युनिट हाराहारी डेलिभरी गरिएको हो ।

कम्पनीले नाइमा मोबिलिटी एक्स्पोमा जेको जे-५ गाडी लन्च गरेर बुकिङ लिएको थियो । यस्तै ओमोडा एण्ड जेकोका पुराना मोडल पनि डेलिभरी गरेको कम्पनीले जनाएको छ ।

लिपमोटरले दसैं र तिहारमा बी१०, टी०३ र सी१० गाडी १६० युनिट हाराहारी डेलिभरी दिएको छ ।

यसपालिको चाडबाडमा डोङफेङ नामीका करिब १५० युनिट गाडी बिक्री भएका छन् । डोङफेङ नामीको आधिकारिक बिक्रेता मोरङ अटो वर्क्स (एमएडब्लू) वृद्धि मोटर्सले यो ब्रान्डका दुई वटा मोडलका गाडी बिक्री गर्दै आएको छ । कम्पनीले नामी भिगो गाडी नाडा अटो शोमा लन्च गरेर बुकिङ लिएको थियो । बुकिङ लिएका गाडी दसैं र तिहारमा डेलिभरी गरेको कम्पनीले जनाएको छ ।

सिजी मोटर्सले कमर्सियल र प्यासेन्जर गरी कुल ११२ युनिट गाडी डेलिभरी गरेको छ । एक्सपेङ, जीएसी आयोन, स्मार्ट र नेटा गाडी दसैं र तिहारमा डेलिभरी गरेको कम्पनीले जनाएको छ । जेनजीको आन्दोलनका क्रममा सबैभन्दा ठूलो क्षति बेहोरेको सिजी मोटर्सले थापाथलीस्थित शोरुम र कार्यालय क्षतिग्रस्त भएपछि अहिले पानीपोखरीबाट काम गरिरहेको छ ।

हुन्डाई ब्रान्डका गाडी दसैं र तिहारमा ६०० युनिट हाराहारी बिक्री भएका छन् । दसैं र तिहारमा क्रेटा इभी, भेन्यु, क्रेटा पेट्रोल फेसलिफ्ट गरी करिब ६०० युनिट गाडी डेलिभरी गरेको हुन्डाईको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले जनाएको छ ।

अर्को पुरानो ब्रान्ड मोरिस ग्यारेज(एमजी) का २०० युनिट गाडी ग्राहकमाझ पुगेका छन् । एमजीको आधिकारिक बिक्रेता पारामाउन्ट मोटर्सका अनुसार दसैं र तिहारमा एमजी एस५ गाडी २०० युनिट बिक्री भएका छन् । यसबाहेक अरु ब्रान्डका गाडी पनि बिक्री भएका छन् । तर कतिपय ब्रान्डका बिक्रेताले दसैं र तिहारमा डेलिभरी गरेका गाडीको संख्या खुलाएका छैनन् ।

# इन्धन सवारीसाधनको बजार बुम



काठमाडौं- इभीको आयात प्रभावित हुँदा इन्धन सवारीसाधनको बजार बढेको छ । भन्सार विभागको तथ्यांकले इन्धन गाडी र बाइकको बजार बढेको देखाएको हो ।

चार पाङ्ग्रे इन्धन सवारीसाधनको आयात ५५.५१ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्ष पहिलो तीन महिनामा चार पाङ्ग्रे इन्धन सवारीसाधन ३ अर्ब ३४ करोड रुपैयाँ बराबरको २ हजार ६९५ युनिट आयात गरिएको छ ।

यसबाट सरकारले ७ अर्ब ८ करोड रुपैयाँ राजस्व संकलन गरेको छ । गत आर्थिक वर्ष सोही अवधिमा १७ सय ३३ युनिट मात्रै चार पाङ्ग्रे इन्धन सवारीसाधन आयात भएका थिए ।

चालु आवमा अनएसेम्बल अवस्थाका चार पाङ्ग्रे इन्धन सवारीसाधन १ हजार १७ युनिट आयात भएका छन् । अहिले नेपाली बजारमा हुन्डाई ब्रान्डका मात्रै गाडी नेपालमा एसेम्बल हुने गरेको छ । हुन्डाईले चालु आवको तीन महिनामा १ हजार युनिट भन्दा धेरै गाडी भित्र्याएको छ ।

तीन महिनामा दुई पाङ्ग्रे इन्धन सवारीसाधन १० अर्ब रुपैयाँ बराबरको ७९ हजार ६८३ युनिट आयात गरिएको छ । यसबाट सरकारले ९ अर्ब ९० करोड रुपैया राजस्व संकलन गरेको छ ।

गत वर्षको सोही अवधिमा ६८ हजार ५४० युनिट इन्धन दुई पाङ्ग्रे सवारीसाधन आयात भएको थियो । यो वर्ष इन्धन बाइकको आयात ११ हजार युनिट भन्दा धेरै बढेको हो ।

आयात गरिएका बाइकमा प्राय: अनएसेम्बल छन् । ६९ हजार ७१९ युनिट अनएसेम्बल दुई पाङ्ग्रे इन्धन सवारीसाधन आयात गरिएको भन्सारको तथ्यांकले देखाउँछ ।

इन्धन अटो रिक्सा १७ करोड रुपैयाँ बराबरका ७८५ युनिट आयात गरिंदा सरकारले १७ करोड ७९ लाख रुपैयाँ राजस्व पाएको छ ।

यसैगरी ३ अर्ब २८ करोड रुपैयाँ बराबरका २ हजार १४० युनिट कमर्सियल इन्धन सवारीसाधन आयात भएका छन् । यसबाट सरकारले २ अर्ब ८३ करोड रुपैयाँ राजस्व संकलन गरेको छ ।

चालु आर्थिक वर्ष तीन महिनामा २ हजार ७१३ युनिट चार पाङ्ग्रे विद्युतीय गाडी आयात भएको छ । भन्सार विभागले आइतबार प्रकाशित गरेको तथ्यांक अनुसार कुल ६ अर्ब ५३ करोड रुपैयाँ बराबरको चार पाङ्ग्रे इभी आयातबाट सरकारले ३ अर्ब ९९ करोड रुपैयाँ भन्सार शुल्क संकलन गरेको छ ।

गत आर्थिक वर्ष सोही अवधिमा ७ अर्ब ९१ करोड रुपैयाँ बराबरको ५ हजार ६६६ युनिट चार पाङ्ग्रे इभी आयात भएका थिए । यो वर्ष बाढीपहिरोले चीनसँगका मुख्य दुई नाका ठप्प हुँदा सवारीसाधनको आयात घटेको हो ।

असार २३ गते बन्द भएको मुख्य नाका रसुवा अझै खुलेको छैन भने एक महिनाभन्दा बढी बन्द भएको तातोपानी नाका असोज पहिलो साताबाट सञ्चालनमा आएको थियो । दुई पाङ्ग्रे इभी ४४ करोड रुपैयाँ बराबरका ४ हजार २६४ युनिट आयात भएको छ । यसबाट सरकारले १५ करोड ५५ लाख रुपैयाँ भन्सार शुल्क संकलन गरेको छ ।

साउनदेखि असोजसम्म ६१ करोड १९ लाख बराबरका ५ हजार ५५३ युनिट तीन पाङ्ग्रे इभी आयात गरिएको छ । यसबाट सरकारले करिब २१ करोड रुपैयाँ भन्सार शुल्क संकलन गरेको छ ।

# आइसिटी अवार्डको ब्रोडकास्टिङ पार्टनरमा हिमालय टिभी



काठमाडौं- आइसिटी अवार्डकोर्ड को ब्रोडका स्टिङ पार्टनरमा हिमालय टिभी, स्टार्टअप र इन्नोभेसनको विशेषशे शो प्रसारण हुने आइसिटी अवार्ड २०२५ को ब्रोडका स्टिङ पार्टनरकालागि हिमालय टिभी एचडी सँग सहकार्य गरिएको छ ।

उक्त सम्झौता पत्रमा हिमालय टिभी को तर्फबाट कार्यकार्यकारी निर्देशक श्याम कँडेल र आइसिटी अवार्ड तर्फब ट राजन लम्सालले हस्ताक्षर गरेका हुन् हिमालय टि भी का का र्यकार्य कारी नि र्देशक श्या म कँडेलडे ले आइसिटी अवार्डसँर्ड सँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताउँदै यसले स्टार्टअप र उद्यमी हरूला ई प्रवर्द्धन गर्न र समग्रइको सिस्टमको विका समामहत्वपूर्ण सहयो गपुर्पयार् याउने बताए ।

शार्कट्यां कसँगै आइसि टी अवार्डकोर्ड को साझेदाझे दारी ले आईसी टी क्षेत्रको पहुँच र अवसरहरूलाई अझ व्यापक बनाउने उनको विश्वास छ ।सम्झौता अनुसानुसार हिमालय टिभी ले आइसि टी अवार्ड २०२५ का प्रिइभेन्टसहितको विशेषशे एपिसोड प्रसारण गर्नेछ । मंसिमंसिरको पहिलो हप्ताबाट कार्यक्रर्यम प्रसारण गर्न सुरूगरिने छ । कार्यक्रर्यममा पाँच एपिसोड प्रसारण हुनेछ । विशेषशे एपिसोडमा उत्कृष्ट स्टार्टअप, प्रडक्ट र इन्नोभेसन विधाकाप्रतस्प्रर्धीहरूको आईडिया, प्रस्तुतितुति तथा पिचिङलाइ टेलिभिजनमा प्रशारण गरिने बताइएको छ ।

साथै पुसमा आयोजना हुने आइसिटी अवार्ड २०२५ को ग्राण्डफिनाले पनि हिमालय टिभीबाट प्रत्यक्ष प्रसारण हुनेछ आइसिटी अवार्ड सूचना तथा सञ्चा र प्रविधिक्षेत्रको एकप्रतिष्ठित अवार्ड कार्यक्रर्यम हो । आइसिटी अवार्डलेर्ड ले नेपालको डिजिटल क्षेत्रमा काम गरिरहेकालाई प्रोत्साहन तथा महत्त्वपूर्ण योगदान दिएका लाई सम्मान गर्देआएको छ । कार्यक्रर्यमको ग्राण्ड फिनालेमा नेपालभित्र विभिन्न १४ विधार दक्षिणएसियाका देशहरूलाई समेटेर साउथ एशिया स्टार्टअप आइसिटी अवार्ड वितरण हुनेछ । साथै सातै प्रदेशका एक एक उत्कृष्ट स्टार्टअपहरूलाई समेत सम्मान गरिने छ । उत्कृष्टहरू नौ र्नकोकृईकृ छनौट गर्नकाका लागि १४ बढीको विज्ञजुरीजुरी समिति र १५ जना बढीको विशिष्ट सल्लाहका र समित रहेको छ ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार